बैजनाथ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, रामपुर, बाँके

राजश्व सुधार कार्ययोजना

आ.ब. २०८२/०८३-२०८४/०८५

Revenue Improvement Action Plan
Baijanath Rural Municipality

प्राबिधिक सहजिकरण

श्री इम्प्याक्सिभ ईन्जिनियरिङ सोलुशन प्रा लि

टोखा ८ काठमाडौं ।

विषय सूची **पेज नम्बर**

परिच्छेद—१.....१

राजश्व सुधार कार्ययोजनाको परिचय.....१

१.१ पृष्ठभुमी.....१

१.२ राजश्व सुधार योजनाको परिचय..... २

१.३ कार्ययोजनाको उद्देश्य.....३

१.४ सूचना संकलनः.....३

१.४.१ सन्दर्भ सामग्री संकलन तथा अध्ययन.....३

१.४.२ तथ्यांक तथा सूचना संकलन फारम तथा सूची विकास..... ४

१.४.३ तथ्यांक तथा सूचना संकलन तथा बिश्लेषण..... ४

१.४.४ कार्य योजनालाई अन्तिम रुप प्रदान..... ४

परिच्छेद—२..... ५

गाउँपालिकाको संक्षिप्त परिचय..... ५

२.१ संक्षिप्त परिचय..... ५

२.१.१ गठन तथा नामाकरण..... ५

२.१.२ भौगोलिक अवस्थिति ५

२.१.३ राष्ट्रिय जनगणना..... ५

२.१.४ भू वनावट..... ६

२.१.५ सामाजिक अवस्था..... ७

२.१.६ धार्मिक, सांस्कृतिक र प्रसिद्ध स्थलहरु..... ७

२.२ आर्थिक अवस्था..... ७

२.२.१ भू उपयोग ७

२.२.२ दर्ता भएका व्यवसायिक फर्महरू :..... ८

२.२.३ खनिज तथा खानी..... ८

२.२.४ बजार र मुख्य व्यापारीक केन्द्रहरु..... ८

२.२.५ बैंक तथा वित्तीय संस्था ८

२.२.६ सार्जजनिक पोखरी..... ८

२.२.७ पर्यटकीय स्थलहरु..... ९

२.३ आवास तथा वस्ति विकास ९
२.३.१ बसोबासको प्रकृति ९
२.३.२ सुकुम्बासी सम्बन्धी विवरण ९
२.३.३ आवास माथिको स्वामित्व ९
२.३.४ घरको जग्गाको आधारमा परिवार ९
२.३.५ भवन मापदण्ड पालना ९
२.४ भौतिक पुर्वाधार ९
२.४.१ सडक, वाटो पुल ९
२.४.२ सवारी साधन १०
२.४.३ विजुली १०
२.४.४ खानेपानी १०
२.४.५ सिंचाई १०
२.४.६ सार्वजनिक भवन तथा पूर्वाधार १०
२.४.७ फोहरमैला व्यवस्थापन ११
२.४.८ गाउँपालिकाको कार्यालय भवन तथा सवारी साधनहरु ११
२.५ मानवीय संसाधन ११
२.६ स्थानीय तह कार्यसम्पादन मुल्याङ्कन प्रणाली (२०८१।०८२) १३
२.७ राजश्व परिचालनका लागि प्रशासनिक व्यवस्था १३
परिच्छेद—३ ..... १५
स्थानीय तहको राजश्व अधिकार तथा आय संभाव्यता १५
३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था १५
३.१.२ प्रदेश तथा संघीय कानून अनुसार प्राप्त हुने (दफा ११ (४) १७
३.२. आन्तरिक आय परिचालनको वर्तमान अवस्था १८
३.३ आन्तरिक आय तथा राजश्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण २०
परिच्छेद—४ ..... ३१
आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था ३१
४.१ राजश्व परिचालन सम्बन्धी संस्थागत ब्यबस्था ३१
४.२ बैजनाथ गाउँपालिकाको विगत ३ बर्षको आय परिचालनको अवस्था ३१

४.३. आय संकलनको संस्थागत व्यवस्था तथा क्षमता ३३
४.४. राजश्व परिचालनमा रहेका सवालहरू ३४
परिच्छेद—५ ..... ३६
राजस्व सुधार कार्ययोजना ३६
५.१ कर तथा गैर कर राजश्व सुधार कार्ययोजना ३६
५.२ राजश्व प्रशासन सुधार योजना ३९
परिच्छेद—६ ..... ४२
आगामी तीन वर्षको आय प्रक्षेपण ४२
६.१ राजश्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण ४२
६.२ आगामी ३ आर्थिक वर्षको आयको प्रक्षेपण ४६
परिच्छेद—७ ..... ४८
अपेक्षित नतिजा ४८
परिच्छेद—८ ..... ४९
अनुगमन तथा मूल्यांकन ४९

परिच्छेद—१
राजश्व सुधार कार्ययोजनाको परिचय

१.१ पृष्ठभुमी

नेपालको संबिधान २०७२ को धारा ५६ मा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र नेपालको राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले यस संविधान तथा कानुन बमोजिम गर्ने छ भनि उल्लेख गरिएको छ । राज्यशक्तिको बाँडफाँट संविधानको धारा ५७ ले स्पष्टसँग संघ, प्रदेश र स्थानीयमर्मा गरिदिएको छ । सोही धारामा संविधानको अनुसूची ८ मा स्थानीय तहका एकल अधिकारका क्षेत्रहरु तथा अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सम्बन्धमा स्पष्ट उल्लेख गरिएको छ ।

संवैधानिक अधिकारभित्र रही स्थानीय सरकार सञ्चालन ऐन तथा अन्तर सरकारी वित्त व्यवस्थापन ऐनले नगरपालिका र गाउँपालिकाहरुलाई आन्तरिक आय परिचालन गर्न सक्ने उल्लेख्य अधिकार दिएको भएता पनि ती अधिकारलाई ऐनको प्रावधान अनुसार व्यवस्थित तथा न्यायोचित तरिकाले पूर्णरुपमा परिचालन गर्न सकिरहेका छैनन । धेरैजसो स्थानीय तहको वार्षिक बजेटमा आन्तरिक रुपमा उठाउने राजस्वको अनुपात न्यून रहेको देखिन्छ । यसको मुख्य कारण स्थानीय तहको संरचना नयाँ भएकोले त्यसका लागि आवश्यक नीति तथा कार्यविधि, संगठनात्मक व्यवस्था, सूचना तथा तथ्यांकको व्यवस्थापन, आयको सम्भाव्यता अध्ययन, नियन्त्रण प्रणालीको स्थापना आदिको स्थापना तथा अभ्यासको कमी रहेकोछ ।

बैजनाथ गाउँपालिकाका मुख्य आय स्रोतमा संघीय तथा प्रदेश सरकारबाट वार्षिक रुपमा प्राप्त हुने समानिकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान, समपुरक अनुदान र राजश्व बाँडफाँडबाट प्राप्त रकम रहेका छन् । त्यसैगरी संविधानत प्राप्त अधिकार क्षेत्रबाट स्थानीय स्तरमा आन्तरिक कर, सेवा शुल्क, दस्तुर तथा राजश्व संकलन गरिएको छ । वार्षिक बजेटमा गाउँपालिकाले आन्तरिक रुपमा उठाउने राजश्वको अनुपात अति न्यून रहेको छ । नेपालको संविधान, तथा स्थानीय सरकार संचालन ऐन, २०७४ ले स्थानीय सरकारहरुलाई विभिन्न स्रोतबाट कर उठाउन सक्ने प्रावधान गरेको भए तापनि यथार्थमा यस्ता स्रोतहरुबाट यथेष्ट राजस्व उठाउन नसक्नु गाउँपालिकाको आन्तरिक स्रोतबाट कम राजस्व परिचालन हुनुको एक कारण हो । अर्कोतर्फ, राजस्व उठाउन सकिने संभावना रहेका क्षेत्रहरुबाट पनि गाउँपालिकाले राजस्व उठाउन सकिरहेको छैन । यसैले पनि बैजनाथ गाउँपालिकाको राजश्व सुधार कार्ययोजना तयरी गरी राजश्व प्रणालीमा सुधार गर्न सान्दर्भिक देखिएको छ ।

आन्तरिक आयका श्रोतहरुको सम्भावनाको सम्बन्धमा अध्ययन गरी राजश्व सुधार कार्ययोजना सहितको प्रतिवेदन मार्फत राजश्व परामर्श समितिलाई राजश्वको बर्तमान अवस्थामा सुधार गर्न तथा आगामी तीन वर्षसम्मको राजस्व प्रक्षेपण गर्ने कार्यलाई सहयोग पु¥याउने उद्देश्यकासाथ परामर्श दातृ संस्थाको सहजिकरणमा बैजनाथ गाउँपालिकाको यो राजस्व सुधार कार्ययोजना तयार गरिएको छ । यस प्रतिवेदनमा बैजनाथ गाउँपालिकाको राजस्व परिचालनको वर्तमान अवस्था अध्ययन, विश्लेषण गरी प्राप्त नतिजाका आधारमा राजस्व सुधारको लागि गर्नुपर्ने कार्यहरूको पहिचान गरिएको छ र सोका आधारमा आगामी तीन आर्थिक वर्षको राजस्व प्रक्षेपण समेत गरिएको छ । यस राजस्व सुधार कार्ययोजनाले गाउँपालिकाको राजश्व सुधारमा गर्नुपर्ने कार्यहरूलाई मार्गदर्शन गर्ने तथा आगामी वर्षहरूको बजेट तयार गर्न आधार बन्ने विश्वास लिइएको

छ। संलग्न प्रतिबेदनलाई सात परिच्छेदमा बिभाजन गरी निम्न विषय वस्तुहरू समेट्ने प्रयास गरिएको छ। प्रतिवेदनमा समेटिएका विषयवस्तुहरु

१. राजश्व सुधार कार्ययोजनाको परिचय
२. गाउँपालिको संक्षिप्त परिचय
३. स्थानीय तहको राजश्व अधिकार तथा आय संभाव्यता
४. आय संकलनको संस्थागत क्षमता तथा संकलनको अवस्था
५. राजश्व सुधार कार्ययोजना
६. आगामी तिन वर्षको आय प्रक्षेपण
७. निश्कर्ष तथा सुझाव

१.२ राजश्व सुधार योजनाको परिचय

नेपालको राज्य सञ्चालन संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको हुने तथा राज्यशक्तिको प्रयोग तीनै तहले गर्ने विद्यमान संवैधानिक व्यवस्था रहेको छ । स्थानीय सरकारले आ—आफ्नो क्षेत्रमा गर्ने विकास निर्माण कार्यलाई व्यवस्थित गरी जनचाहना अनुरुप सेवा प्रवाहलाई प्रभावकारी बनाउन ठूलो लगानी आवश्यक देखिन्छ । यसका लागि स्थानीय सरकारलाई संघ र प्रदेश सरकारबाट उपलब्ध हुने विभिन्न अनुदान तथा राजस्व बाँडफाँड बाहेक स्थानीय राजस्व अधिकार अन्तर्गत विभिन्न कर तथा सेवा शुल्क, पर्यटन शुल्क तथा दण्ड जरिवाना जस्ता गैरकर लगाउने अधिकार प्रदान गरिएको छ । साथै स्थानीय सरकारले अन्य स्वदेशी संघ—संस्थाबाट अनुदान रकम प्राप्त गर्न सक्ने, नेपाल सरकारको पूर्वस्वीकृति लिएर वैदेशिक अनुदान वा सहयोग लिन सक्ने तथा नेपाल सरकारको सहमति लिएर वित्त आयोगले सिफारिस गरेको सीमाभित्र रही आन्तरिक ऋण लिन सक्ने कानुनी व्यवस्था समेत छ ।

गाउँपालिकामा उठाइने राजस्वलाई राजस्व बढाउने स्रोतको रुपमा मात्र नलिएर यसलाई स्थानीय आर्थिक विकासको उत्प्रेरक र जवाफदेहिता तथा सक्षमता अभिवृद्धि गर्ने माध्यमको रुपमा लिई स्थानीय तहका राजस्व अधिकारका सम्भावनाहरूको खोजी गर्न, आवश्यक नीतिगत, कानुनी र व्यवस्थापकिय सुधारका उपायहरूको पहिचान गरी तिनको कार्यान्वयन गर्न सकिने वास्तविक आन्तरिक आयको प्रक्षेपण गर्ने कामको लागि यो राजस्व सुधार कार्ययोजनाले औजारको रूपमा काम गर्ने विश्वास गरिएको छ । गाउँपालिकाका जनताहरूबाट निर्वाचित जनप्रतिनिधिहरू, स्थानीय बासीहरूले आफ्नै पालिकाको विकासको लागि उठाइने कर वा गैरकर वापत तिरेको रकमको कसरी सदुपयोग भइरहेको छ भन्ने कुराको लेखाजोखा समेत स्थानीय सर्वसाधारणले आ—आफ्नै तरिकाले विश्लेषण गरिरहेका हुन्छन् । गाउँपालिकामा थप आन्तरिक राजस्व परिचालनगरी यसको अधिकार क्षेत्रभित्रका उपलब्ध आन्तरिक आयका स्रोतहरूबाट सम्भावित राजस्व पहिचाहन गर्न आवश्यक हुन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ भित्र रहेर बनाइएको यस राजस्व सुधार कार्ययोजनाले यस पालिकको राजस्व क्षमताको पहिचान गर्न समेत महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ । यसले प्रभावकारी ढंगले राजस्व सङ्कलन गर्न गाउँपालिकालाई थप मद्दत पुर्याउँनेछ । साथै यस अध्ययनबाट तयार गरिएको राजस्व सुधार कार्ययोजना नेपाल सरकार र राष्ट्रिय प्राकृतिक स्रोत तथा बित्तीय आयोगको लागि स्थानीय तहलाई उपलब्ध गराउने समानीकरण अनुदान सम्बन्धी मापदण्ड र सन्दर्भ समाग्रीको रुपमा समेत उपयोगी हुनसक्ने अपेक्षा गरिएको छ ।

वैजनाथ गाउँपालिकाको राजस्व सुधारका लागि गाउँपालिकाकै नेतृत्वमा सहभागितामूलक पद्दति अवलम्वन गरी यो राजश्व सुधार कार्ययोजना तर्जुमा गरिएको छ । यस दस्तावेजको प्रमुख उपलब्धीका रुपमा गाउँपालिकाका जनप्रतिनिधिहरु, कर्मचारी तथा अन्य सरोकारवालाहरुलाई राजस्व परिचालनको क्षेत्रमा आधारभूत जानकारी प्राप्त हुनुका साथै गाउँपालिकाको आन्तरिक आयको क्षेत्रमा रहेका समस्या तथा अवसरहरूको पहिचान गरी सुधारको कार्ययोजना तयार गर्ने र चालु आ ब देखि तीन आर्थिक वर्षका लागि आयको प्रक्षेपण गर्ने मार्गदर्शन तयार भएको हुनेछ ।

१.३ कार्ययोजनाको उद्देश्य

गाउँपालिकाको राजश्व सुधार कार्ययोजना तयारी गर्नुको मुलभूत उद्देश्य गाउँपालिको आन्तरिक आयको विद्यमान अवस्था, आन्तरिक स्रोतको संभावना तथा बर्तमान समस्या बिश्लेषण तथा सुधारका कृयाकलापहरु सहितको अगामी ३ बर्षको आय प्रक्षेपण सहित राजश्व सुधार कार्ययोजना तयार गर्नु हो । यस अध्ययनको विशिष्ट उद्देश्यहरू देहाय अनुसार रहेका छन् ।

- स्थानीय तहको आय अधिकार तथा सुधार योजना सम्वन्धमा निर्बाचित जनप्रतिनिधिहरु, राजश्व परामर्श समितिका सदस्यहरु, कर्मचारीहरु तथा सरोकारवालाहरुलाई राजश्व सुधार कार्ययोजनाको बारे सुशुचित गर्ने ।
- आन्तरिक आय बृद्धिको लागि आयका प्रमुख स्रोतहरुको संभावना र यथार्थ असुलीमा भएको फरकको पहिचान गर्ने ।
- आन्तरिक आयको बृद्धिदर तथा कुल आयमा आन्तरीक आयको हिस्साको बृद्धिदरको विश्लेषण गर्ने ।
- राजश्व प्रशासनको संस्थागत ब्यवस्था, विलिङ्ग तथा आन्तरिक नियन्त्रण प्रणालीको विश्लेषण गर्ने ।
- गाउँपालिकाको आन्तरिक आय बृद्धिका संभावनाहरु पहिचान गरी आय सुधार रणनीति र प्रक्षेपण सहितको आन्तरीक आय सुदृढिकरण कार्ययोजना तयार गर्ने ।
- आयका नयाँ सम्भावनाहरुको पहिचान गर्ने ।

१.४ सूचना संकलनः

कार्ययोजना तयारी गर्ने कार्यका लागि गाउँपालिकाका बिभिन्न शाखाका कर्मचारीहरुसंग ब्यापक छलफल गरी आवश्यक सूचना संकलन तथा सुझाव संकलन गरिएको थियो । यसका लागि सूचना संकलन फारामको उपयोग गर्दै सम्बन्धित शाखाका कर्मचारीहरूबाट कार्ययोजना तयारीका लागि थप सूचना संकलन गरिएको थियो । अध्ययनका क्रममा अवलम्बन गरिएका विधिहरूको विस्तृत विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ ।

१.४.१ सन्दर्भ सामग्री संकलन तथा अध्ययन

अध्ययन कार्यको प्रथम चरणमा विभिन्न स्रोतहरूबाट सन्दर्भ सामग्रीहरू संकलन, अध्ययन तथा पुनरावलोकन गरिएको थियो । गाउँपालिकाको वेवसाईटमा उपलब्ध सुचना तथा बार्षिक प्रतिबेदनहरु लगायत टेलिफोन सम्पर्क, तथा अन्य अध्ययन विधिहरुको प्रयोग गरी सुचना तथा तथ्यांकहरु संकलन गरी प्रतिबेदन वैजनाथ गाउँपालिकाको कार्यालयमा पेश गरिएको थियो । प्रतिवेदनका लागि आवश्यक सूचना बिज्ञ संस्थाबाट खटिएका कर्मचारीहरुले गाउँपालिकाको कार्यालयमा रहेका बिभिन्न शाखा जस्तै राजश्व शाखा, आर्थिक प्रशासन शाखा, घरनक्सा शाखा, खरिद शाखा, लगायत अन्य शाखा तथा इकाईहरुबाट संकलन गरिएको थियो । यस क्रममा अध्ययन तथा पुनरावलोकन गरिएका मुख्य सन्दर्भ सामग्रीहरू अनुसूची १ मा दिइएको छ ।

१.४.२ तथ्यांक तथा सूचना संकलन फारम तथा सूची विकास

विभिन्न सन्दर्भ सामग्रीहरूको अध्ययन तथा विश्लेषण गरी परामर्शदातृ संस्थाले अन्य स्थानीय तहहरुमा गरेको अभ्यासतथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्रकाशित कार्यबिधि समेतलाई मध्यनजर गरी सूचना संकलनका लागि आवश्यक फारामहरूको विकास गरिएको थियो । गाउँपालिकाको राजस्व सुधार कार्ययोजनाको सन्दर्भमा तथ्यांक संकलनको लागि प्रयोग गरिएको फाराम अनुसूची ३ मा प्रस्तुत गरिएको छ ।

१.४.३ तथ्यांक तथा सूचना संकलन तथा बिश्लेषण

तथ्यांक संकलनका लागि बिकास गरिएका फारम (अनुसुचि मा राखिएको) अनुसार आवश्यक तथ्याङ्क तथा सूचनाहरु संकलन गरिएको थियो । अध्ययनका क्रममा विशेष गरी गाउँपालिका क्षेत्रमा रहेको घर तथा जग्गाको विवरण, गा.पा.को स्वामित्वमा रहेको जग्गा जमिन वा भौतिक सम्पत्ती, गाउँपालिका क्षेत्रमा रहेका सवारी साधनको विवरण, गाउँपालिकाको भौतिक पूर्वाधारको अवस्था, वजार क्षेत्रमा रहेका व्यापार व्यवसायको विवरण, गाउँपालिकाले उपलब्ध गराउने विभिन्न सेवाहरुको विवरण संकलन गरिएको थियो । साथै राजस्व प्रशासन तथा सूचना प्रवाहसम्बन्धी विवरण, बिगत २ वर्ष तथा चालु वर्षको हालसम्मको यथार्थ आय विवरणहरु तथा आन्तरिक आय संकलनको अवस्था, संभाब्य स्रोत र संभावित नयाँ क्षेत्रहरू सम्बन्धी तथ्यांक तथा सूचना संकलन गरिएको थियो । विभिन्न स्रोतहरुबाट प्राप्त तथ्यांक तथा सुचनाहरुलाई कम्प्युटर प्रवृष्टगरि आवश्यकता अनुसार विभिन्न बिधिहरुको प्रयोग गरी बिश्लेषण गरिएको छ । बिभिन्न विधिद्धारा तथ्यांकको विश्लेषण गरी प्राप्त जानकारीहरुलाई व्यवस्थित रुपमा आवश्यकता अनुसार तालिकाबद्ध गरिएको छ भने छलफलको क्रममा प्राप्त सुझाव तथा सल्लाहहरुलाई समेत समावेश गर्ने प्रयास गरीएको छ ।

१.४.४ कार्य योजनालाई अन्तिम रुप प्रदान

मस्यौदा प्रतिवेदनमा प्राप्त राय सुझाबहरुलाई एकिकृत गरी राजस्व सुधार कार्ययोजनाको प्रतिवेदनलाई अन्तिम रुप प्रदान गरी गाउँपालिकामा पेश गरिएको छ । पेश गरिएको यो अध्ययन प्रतिवेदनलाई अध्ययनको उद्धेश्य अनुरुप गाउँ कार्यपालिकाले कार्यान्वयन प्रकृयामा लैजाने अपेक्षा गरिएको छ ।

परिच्छेद—२
गाउँपालिकाको संक्षिप्त परिचय

यस परिच्छेदमा वैजनाथ गाउँपालिकाको आय परिचालनसँग प्रत्यक्ष—अप्रत्यक्ष सम्बन्धित पक्षहरूका सूचनाहरुलाई समावेश गरिएको छ । यसले गाउँपालिकाको भौगोलिक, आर्थिक तथा सामाजिक अवस्था एवं गाउँपालिकाको संस्थागत क्षमतालाई चित्रण गर्दछ ।

२.१ संक्षिप्त परिचय

२.१.१ गठन तथा नामाकरण

बैजनाथ गाउँपालिका लुम्बिनी प्रदेशको बाँके जिल्लामा अवस्थित रहेको छ । पूर्वमा कोहलपुर नगरपालिका, दक्षिणमा खजुरा गाउँपालिका र पश्चिममा मानखोला तथा उत्तरमा बर्दिया जिल्लाको बाँसगढी नगरपालिका अवस्थित रहेको छ्र । गाउँपालिकाको केन्द्र वडा नं. ५ को रामपुरमा रहेको छ । साविकका चिसापानी, नौवस्ता, वनकटवा र टिटिहिरिया गाविस मिलेर गठन भएको हालको बैजनाथ गाउँपालिकाको नामाकरण ऐतिहासिक तथा राजनितिक पृष्ठभुमि सँग जोडिएको छ । साविकको वनकटवा वडा नं ३ र हालको वडा नं ७ पेडारीमा जन्मेका बैजनाथ थारुको नामबाट यस गाउँपालिकाको नामाकरण भएको हो ।

२.१.२ भौगोलिक अवस्थिति

वैजनाथ गाउँपालिका २८ डिग्री ८ मिनेट ३७ सेकेण्ड देखि २८ डिग्री २० मिनेट १५ सेकेण्ड उत्तरी अक्षांश र ८१ डिग्री ३१ मिनेट ११ सेकेण्ड देखि ८१ डिग्री ४४ मिनेट १८ सेकेण्ड पुर्वी देशान्तरमा फैलिएको छ । समुन्द्री सतहदेखि करिव ३०० मिटर उचाइमा अवस्थित यस गाउँपालिकाको पूर्वमा कोहलपुर नगरपालिका, दक्षिणमा खजुरा गाउँपालिका र पश्चिममा मानखोला तथा उत्तरमा बर्दिया जिल्लाको बाँसगढी नगरपालिका अवस्थित रहेको छ । पूर्व पश्चिम राजमार्गको ६ किमि खण्ड रहेको यो गाउँपालिका जिल्लाको व्यापारीक तथा रणनीतिक केन्द्रको रुपमा रहेको कोहलपुर बजारबाट करिब ६ किमी र जिल्ला सदरमुकाम नेपालगञ्जबाट २२ किमी र जमुनहा भन्सार देखि २८ किमीको दुरीमा रहेको छ । पश्चिमी तराइ क्षेत्रमा पर्ने यस गाउँपालिकाको सम्पूर्ण भुभाग समथर रहेको छ । बर्दिया राष्ट्रिय निकुञ्ज र बाँके राष्ट्रिय निकुञ्जको मध्यवर्ति क्षेत्रमा पर्ने केही भुभागमा चुरे क्षेत्रका विषेशता रहे पनि अधिकांश क्षेत्र समथर रहेको छ । यस गाउँपालिकाको कुल जमिन मध्ये सबैभन्दा बढि क्षेत्रमा खेती गरिएको छ भने मध्यवर्ती क्षेत्र लगायतको बन जंगलले पनि उल्लेख्य क्षेत्र ओगटेको छ ।

२.१.३ राष्ट्रिय जनगणना

जनगणना २०७८ अनुसार बाँके जिल्लाको कुल जनसंख्या ६,०३,१९४ बृद्धिदर १.९७ जनघनत्व २५८ रहेको छ । जस अनुसार बैजनाथ गाउँपालिकाको जनसांख्यिक अवस्थालाई हेर्दा कूल जनसंख्या ६९,४७२ रहेको छ । लैंगिक अनुपात ८५.७६ रहेको छ। कुल घर परिवार १६,४६९ रहेका छन । कुल साक्षरता ७७.९० मध्ये पुरुष साक्षरता ८५% र महिला साक्षरता दर ७२.१०% रहेको छ।

वडागत जनसंख्याको बिबरण तपशिल छ ः

क्र सं	महिला	पुरुष	जम्मा जनसंख्या
१	४८१०	४१९८	९००८
२	५०८१	४०५९	९१४०
३	४७०२	४०४५	८७४७
४	४७६७	४२६६	९०३३
५	५८७६	५०६९	१०९४५
६	५०५१	४१७४	९२२५
७	१६४५	१५६३	३२०८
८	५४६७	४६९९	१०१६६
जम्मा	३७३९९	३२०७३	६९४७२
प्रतिशत	४६.२०%	५३.८०%	

बडा अनुसार सबैभन्दा उच्च जनसंख्या वडा नं. ५ मा १०९४५ रहेको छ भने सबै भन्दा न्यून वडा नं. ७ मा ३२०८ रहेको देखिन्छ । जस मध्ये बैजनाथ गाउँपालिकाको जनसांख्यिक अवस्थालाई हेर्दा कूल घरपरिवार संख्या १६४६९ रहेको छ भने कूल जनसंख्या ६९४७२ रहेको छ । २०७८ अनुसार बैजनाथ गाउँपालिकाको औषत घरपरिवारको आकार ४.८२ रहेको छ । अपांगता भएको जनसंख्या २.८०% छ जसमध्ये महिला २.४०% र पूरुष ३.२०% रहेका छन।

२.१.४ भू वनावट

यहाँको माटो बलौटे र चिम्टयाइलो मिश्रित प्रकृतिको रहेको छ । प्रशस्त मात्रामा अन्नबाली उत्पादन हुने यहाँको समथर भुभाग खेतिपातीको लागि अधिकतम सम्भावना बोकेका क्षेत्र हो । मानखोलाका तटीय क्षेत्रहरु बर्षेनी बर्षातका कारणले कटान प्रभावित क्षेत्रमा पर्दछन् । जसका कारण उक्त क्षेत्रका उब्जनशिल समथर भू(भागहरु कटान भई वगरको रुपमा परिणत हुने गरेको छ । यस गाउँपालिकाको कुल जमिन मध्ये सबैभन्दा बढि क्षेत्रमा खेती गरिएको छ भने मध्यवर्ती क्षेत्र लगायतको बन जंगलले पनि उल्लेख्य क्षेत्र ओगटेको छ । जसअनुसार खेती गरिएको भूमि ६८.९० प्रतिशत, जंगल २४.१४ प्रतिशत र बुट्यान झाडीले ओगटेको क्षेत्र ६.४१ प्रतिशत क्षेत्रमा रहेको छ ।

२.१.५ सामाजिक अवस्था

बैजनाथ गाउँपालिकामा जातीय हिसाबले मिश्रित बसोबास रहेको छ । यस गाउँपालिकामा थारु, मुस्लिम, बाहुन, क्षेत्री, ठकुरी र दलित जातिहरु रहेका छन् । जातीय र भाषिक विविधता रहेको यस गाउँपालिका क्षेत्रमा मुख्य रुपमा हिन्दु धर्मावलम्बी नै रहे पनि मुस्लीम र क्रिश्चियन धर्म मान्ने जनसंख्या पनि यहाँ रहेको छ्र । राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकाको औषत साक्षरता दर ७७.९० प्रतिशत रहेको छ । जसमा पुरुष साक्षरता ८५ प्रतिशत छ भने महिला साक्षरता ७२.१० रहेकोछ । यस गाउँपालिकामा हाल सामुदायिक विद्यालय ३८, संस्थागत विद्यालय २०, प्रारम्भिक बाल विकास केन्द्र ६० र सामुदायिक अध्ययन केन्द्र ३ वटा रहेका छन् । यसैगरी १ वटा प्राथमिक स्वास्थ्य केन्द्र, ३ वटा स्वास्थ्य चौकी, १ वटा आयुर्वेद औषधालय र ४ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र रहेकाछन् ।

२.१.६ धार्मिक, सांस्कृतिक र प्रसिद्ध स्थलहरु

यस गा.पा.का धार्मिक, सांस्कृतिक र प्रसिद्ध स्थलहरु मध्ये, महादेव मन्दिर, शिव मन्दिर, रारा महादेव मन्दिर, कुलदेव मन्दिर, थारु देउथान, रामजानकी मन्दिर, दुर्गा मन्दिर, प्रशंसा चर्च, , प्रशंसा चर्च, , शिव मन्दिर,, जगन्नाथ देउथान,, गुरुवा देउथान, , गुरुवा देउथान, , गुरुवा देउथान, , शिव मन्दिर, , भगवती मन्दिर, , नवदुर्गा मन्दिर, शिव मन्दिर, थार्पमष्टा कालिका मन्दिर, बानियभार देउथान, नौलापुर देउथान, तिलकपुर देउथान, नवदुर्गा मन्दिर, भगवती मन्दिर, खिष्टे चर्च, गेट्समनि चर्च, साल्वेसन चर्च, दुर्गाभगवती मन्दिर, शिव मन्दिर,, शिव मन्दिर, , शिव मन्दिर, , सिंहभवानी मन्दिर, शिव मन्दिर, , गायत्री विद्यापिठ, शिव मन्दिर, , नवदुर्गा मन्दिर, , मस्जिद, , शिव मन्दिर, , रामजानकी मन्दिर, , शिवमन्दिर, , रामजानकी मन्दिर,, कालिका भगवती मन्दिर, , देउतीबज्यै मन्दिर, , शिव मन्दिर, दुर्गा देवी मन्दिर, , थन्हा (देउथान), , रामजानकी मन्दिर, , मुक्तेश्वरनाथ महादेव शक्तिपिठ मन्दिर, शिव मन्दिर, , शिव मन्दिर, , कालिका मन्दिर, , जय कैलाशी मन्दिर, , शिव मन्दिर, , भगवती मन्दिर, , शिव मन्दिर, , शिव मन्दिर, , रामजानकी मन्दिर, , शिव मन्दिर, , शिव मन्दिर, , दुर्गा मन्दिर, , शिव मन्दिर आदि रहेका छन ।

२.२ आर्थिक अवस्था

यस गाउँपालिकाको आर्थिक अवस्था विश्लेषण गर्दा यहांको जमिन उर्बर तथा उच्च उत्पादकत्व रहेको छ । पशुपालन, माछापालन पन्छीपालन, खाद्यान्न, दलहन, तेलहन र नगदेबालीको उत्पादन हुने गरेका छ । यसैगरी गाउँपालिकाको कृषि यान्त्रिकरणमा गरेको लगानी तथा अनुदानका कारण कृषि तथा पशु क्षेत्रमा व्यवसायिकताको विस्तार हुँदै गएको छ । कृषि तथा पशुपालनका क्षेत्रमा उत्पादकत्व बृध्दि भई रहेको देखिन्छ । बिभिन्न सिंचाई पूर्वाधार बाट कुल २३८५ हेक्टर जमिनमा सिंचाई सुविधा पुगेको छ । उद्यम तथा व्यवसायको कुल संख्या १४८० पगेको अनुमान रहेको छ

२.२.१ भू उपयोग

- आँप, केरा जस्ता फलफुल र पशाुपालनका लागि प्रसिद्ध स्थलको रुपमा रहेको छ ।
- धान, गहुँ जस्ता वाली र तरकारी खेती उत्पादन ।
- सिक्टा सिंचाइ खण्ड यसै गाउँपालिका भएर जाने ।

- स्थानीय स्तरमा सहकारी, वित्तिय संस्थाहरु, चिसापानी बजार, सम्झना बजार, स्याउली बजार जस्ता स्थानीय बजार रहेको ।
- खाद्यान्न बाली, तरकारी बाली र दुघजन्य उत्पादन निर्यात हुने ।
- गाभर भ्याली, बाँके राष्ट्रिय निकुञ्ज, बर्दिया राष्ट्रिय निकुञ्ज जस्ता पर्यकिय क्षेत्रहरु रहेको ।
- मध्यपश्चिम पोल्ट्री प्राली, खसड अष्ट्रिच फार्म, कृषि फार्म, शित भण्डार जस्ता कृषिमा आधारित उद्योगहरु भएको ।

२.२.२ दर्ता भएका व्यवसायिक फर्महरू:

यस गाउँपालिका क्षेत्रमा हाल सञ्चालनमा रहेका व्यवसायिक फर्महरू मध्ये केवल ५८० वटा व्यवसायिक फर्महरू दर्ता भएको देखिन्छ । सो मध्ये होटल/रेस्टुरेन्ट ८ वटा, उद्योग ९१ वटा, नास्ता पसल २९ वटा, लघुवित्त/बैंक १० वटा, मासु पसल १० वटा, स्केटिङ २ वटा, स्टेशनरी ६ वटा, किराना पसल/खाद्यान्न स्टोर १०३ वटा, इन्स्टिच्युट २ वटा, कानुनी परामर्श/ल फर्म ९ वटा, हार्डवेयर पसल/इलेक्ट्रोनिक/बिजुली पसल १५ वटा, साइकल/अटो वर्कशप/मोटरसाइकल मर्मत १५ वटा, कपडा फेन्सी पसल १४ वटा, मार्ट २ वटा, पार्लर/कस्मेटिक/शैलुन १५ वटा, मेडिकल/क्लिनिक १२ वटा, मन्टेश्वरी १ वटा, कन्सल्टेन्सी १ वटा, होमस्टे ३ वटा, खानेपानी उपभोक्ता समिति।समूह २ वटा, पन्चेबाजा समूह ५ वटा दर्ता तथा नवीकरण भएका छन ।यस पालिकामा करिब २००० भन्दा बढी फर्महरुले कारोबार गर्ने भएता पनि सबै फर्महरु पालिकामा दर्ता तथा नबिकरण भएका छैनन् ।

२.२.३ खनिज तथा खानी

खनिज पदार्थका रूपमा गाउँपालिकाको वडा नं. १ मा मानखोला, करेली खोला र च्यामां खोला, वडा नं २, ६ र ८ मा मा रहेको मान खोलावाट खनिज बालुवा, गिट्टी, ढुङ्गा र मोरङ्ग पाइने गर्दछ ।

२.२.४ बजार र मुख्य व्यापारीक केन्द्रहरु

गाउँपालिकाको १८ स्थानमा बजार केन्द्र रहेका छन् । जसमध्ये ८ वटा थोक बजार, १० वटा खुद्रा बजार र एक स्थानमा हाट बजार लाग्ने गर्दछ । वडा नं. ३ र ७ बाहेकका वडाहरूमा थोक बजार रहेका छन् भने वडा नं. ४ को बानियाभारमा शनिबार कृषि तथा पशु साप्ताहिक हाट बजार लाग्ने गरेको छ ।

२.२.५ बैंक तथा वित्तीय संस्था

यस गाउँपालिका क्षेत्रमा ३ वटा वाणिज्य र १ वटा विकास बैंक गरी ४ वटा बैंक तथा १० वटा लघुवित्त सञ्चालनमा रहेका छन् । यस बैजनाथ गाउँपालिकामा ४८ वटा सहकारी संस्था सञ्चालनमा रहेका भएता पनि यस पालिकामा जम्मा ३९ वटा सहकारी संस्थाहरु दर्ता तथा सूचिकृत भएका छन। पालिकाको क्षेत्राधिकारमा रहेका २७ कावटा प्रदेशको क्षेत्राधिकारमा रहेका ७ वटा सहकारी संस्थाहरु छन भने ५ वटा सहकारीका सेवा केन्द्रहरु रहेका छन ।

२.२.६ सार्जजनिक पोखरी

कुल ८ वटा सार्वजनिक पोखरी रहेकोमा जम्मा २ वटामा मात्र माछापालन गरेको देखिन्छ । पोखरीको कुल क्षेत्रफल २४१.५ कट्ठा रहेको छ ।

२.२.७ पर्यटकीय स्थलहरु

पर्यटकीय स्थलहरुमा गाभर भ्याली होमस्टे, खप्तड अष्ट्रिच फार्म, लायन्स गाभर पार्क, थारु संग्रहालय, , गिद्देनी ताल, पिकनिक पार्क, बोरिङ्गबस्ती, सिम्रहवा ताल, मानसरोवर बोटानिकल गार्डेन तथा वनस्पति उद्यान, भ्यु टावर, गौथली बाल उद्यान, बैजनाथ वाटिका रहेका छन ।

२.३ आवास तथा वस्ति विकास

२.३.१ बसोबासको प्रकृति

कुल १६४६९ घरपरिवार रहेको यस पालिकामा आफ्नै घर हुने घरपरिवारको संख्या १५९०७ रहेको छ भने अन्य परिवारहरु अस्थायी रूपमा बसोबास गरिरहेको पाइन्छ ।

२.३.२ सुकुम्बासी सम्बन्धी विवरण

गाउँपालिका क्षेत्रभित्र कुल २५६३ घरपरिवार सुकुम्बासीका रूपमा बसोबास गरेको देखिन्छ। जसमध्ये वडा नं. ३ मा सबैभन्दा उच्च संख्यामा ६७९ घरपरिवार बसोबास गरेका छन् भने वडा नं. ७ मा ६ सुकुम्बासी घरपरिवार अन्य वडाको तुलनामा बढी छ ।

२.३.३ आवास माथिको स्वामित्व

निजी वा आफ्नै घरमा बसोबास गर्ने घरपरिवार ९७.७८ प्रतिशत रहेको यस क्षेत्रमा भाडामा बसोबास गर्ने घरपरिवार १.२७ प्रतिशत रहेको देखिन्छ ।

२.३.४ घरको जग्गाको आधारमा परिवार

बसोबास गरेको मुल घरको जगका आधारमा घरपरिवारको वर्गीकरण गर्दा सिमेन्ट तथा ढुङ्गा जग भएको घरमा बसोबास गर्ने घरपरिवार ३३.६० प्रतिशत, माटो तथा ढुङ्गाको जग भएको घरमा बसोबास गर्ने घरपरिवार ३६.४०, फ्रेम स्ट्रक्चर जग भएका घरमा बसोबास गर्ने घरपरिवार २५.८० प्रतिशत, र काठ तथा अन्य निर्माण सामाग्री प्रयोग भएको घरमा बसोबास गर्ने घरपरिवार ४.२० प्रतिशत रहेकोछ ।

२.३.५ भवन मापदण्ड पालना

गाउँपालिकाले भवन निर्माण संहिता ¥वन निर्माण मापदण्ड स्वीकृत गरी कार्यान्वयनमा ल्याएतापनि पूर्णरुपमा भने कार्यान्वयन हुन सकेको छैन । आगामी दिनहरुमा पालिकाले यसमा ध्यान पु¥याउन आवश्यक छ ।

२.४ भौतिक पुर्वाधार

२.४.१ सडक, वाटो पुल

गाउँपालिकाभित्र निर्माण भएका सडकहरूको कुल लम्बाई ३०२.६ किलोमिटर सडक रहेको छ । गाउँपालिकाको सबै वडा तथा बस्तीमा सडकको पहुँच पुगेको देखिन्छ । सडक तथा बाटोको पहुँचको आधारमा घरपरिवारको वर्गीकरण गर्दा ग्राभेल बाटोको पहुँचमा रहेका घरपरिवार १८.०७ प्रतिशत, पक्की बाटोको पहुँचमा रहेका घरपरिवार ७९.८ प्रतिशत र बाटोको पहुँच नभएका घरपरिवार २.१२ प्रतिशत रहेको देखिन्छ । यस क्षेत्रमा कुल ५१ स्थानमा पुल तथा पुलेसाहरू रहेका छन् । जसमध्ये २ स्थानमा ट्रष्ट, ४ स्थानमा झोलुङ्गे, ४३ स्थानमा पक्की र २ स्थानमा काठे पुल रहेका छन् ।

२.४.२ सवारी साधन

यस गाउँपालिकाका विभिन्न स्थानहरूबाट नेपालगञ्ज सम्मको लागि स्थानीय यातायातका साधनको उपलब्धता रहेको छ । नेपालगञ्जलाई गन्तव्य बनाई छुट्ने सवारी साधन विशेष गरी चिसापानी, जब्दहवा, बानियाभार, रंगिला चोक, अरनिको बजार, सम्झना, चाँदनी, टिटिहिरीया जस्ता स्थानीय बजार क्षेत्रबाट छुट्ने गरेका छन् । यस रुटमा बस, मिनिबस तथा अटोरिक्सा सार्वजनिक यातायातका साधनका रूपमा सञ्चालनमा रहेका छन् । यस गाउँपालिका क्षेत्रभित्र नियमित रूपमा बस, मिनिबस, अटोरिक्सा, जीप, इ—रिक्सा लगायतका सवारी साधनहरू चल्ने गरेको पाइन्छ । यस गाउँपालिकाको वडा नं. २, ३ र ७ बाहेकका वडाहरूमा बस बिसौनी रहेको देखिन्छ ।

२.४.३ विजुली

राष्ट्रिय जनगणना २०७८ अनुसार गाउँपालिका भित्र बत्तीको प्रमुख श्रोतको रूपमा उपयोग गरिने इन्धन मध्ये विद्युत प्रमुख रहेको छ । कुल घरपरिवार मध्ये ९८.८० प्रतिशत घर परिवारमा विद्युतलाई बत्तीको प्रमुख श्रोतका रूपमा उपयोग गरेको देखिन्छ ।

२.४.४ खानेपानी

गाउँपालिका क्षेत्रभित्र कुल १० वटा खानेपानी आयोजना रहेकोमा वडा नं. १ को चिसापानी खानेपानी आयोजना र ७ को पेडारी खानेपानी आयोजना बाहेक सबै निर्माणाधिन अवस्थामा रहेका छन् । भूमिगत जलश्रोत नै यस क्षेत्रको खानेपानीको प्रमुख श्रोतका रूपमा रहेको छ । गाउँपालिकामा अहिले पनि भुमिगत पानीलाई ट्युवेल हेण्ड पम्पको माध्यमबाट उपयोग गर्ने घरपरिवार ८६.२० प्रतिशत रहेका छन् भने करिव १० प्रतिशत घर परिवारले धाराको पानी प्रयोगगरेको देखिन्छ । इनार वा कुवा र मूलको पानी उपयोग गर्ने अभ्यास अझै कायम रहेको देखिन्छ र अन्य जार वा बोटल (प्रसोधित पानी) उपयोग गर्ने घरपरिवार १.४ प्रतिशत रहेकोछ ।

२.४.५ सिंचाई

यस क्षेत्रमा कुल ३४ वटा कुलो तथा नहरबाट कुल २२८८ हेक्टर जमिनमा सिंचाई सुविधा उपलब्ध रहेको छ। जसमध्ये बाह्रै महिना सञ्चालन हुने सिंचाइ पूर्वाधार १९ वटा रहेका छन् । सिंचाई सुविधाबाट लाभान्वित कुल घरपरिवारसंख्या ६३३६ रहेको छ । सिंचाई पूर्वाधारमध्ये वडा नं. २ मा सबैभन्दा अधिक १२ वटा र सबैभन्दा न्यून वडा नं. ३, ७ र ८ मा २—२ वटा मात्र रहेको देखिन्छ ।

२.४.६ सार्वजनिक भवन तथा पूर्वाधार

यस गाउँपालिकाभित्र कुल २६ वटा सरकारी भवनहरू रहेका छन् । भवनहरू गाउँपालिकाको प्रशासनीक भवन, वडा कार्यालय, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र, प्रसुती गृह, आयुर्वेद औषधालय, सुरक्षा निकाय, कारागार, साविक गाविस भवन तथा पशुसेवा केन्द्र लगायत सरकारी सेवा केन्द्रहरू रहेका छन् । यसैगरी यस गाउँपालिका क्षेत्रभित्र कुल २० वटा सार्वजनिक तथा सामुदायिक भवन रहेका छन् । भवनहरूको उपयोग छलफल, बैठक संचालन, संकलन केन्द्र, भण्डारण, खोप सेवालगायत सार्वजनिक प्रयोजनका लागि उपयोग हुने गरेको छ ।

२.४.७ फोहरमैला व्यवस्थापन

घर आँगनबाट निष्काशन हुने ठोस फोहोर व्यवस्थापनको अवस्था हेर्दा गाउँपालिका क्षेत्रभित्र रहेका कुल १६४६९ घरपरिवार मध्ये ४६.९६ प्रतिशत घरपरिवारले वर्गीकरण गरी अलग अलग खाल्डोमा राखी व्यवस्थापन गर्ने अभ्यास रहेको छ भने वर्गीकरण गरी खाल्डोमा राखी व्यवस्थापन गर्ने घरपरिवार ४६.३२ प्रतिशत, संस्थाद्धारा संकलन तथा व्यवस्थापन गराउने घरपरिवार ०.१९ प्रतिशत र फोहोर व्यवस्थापन नगर्ने घरपरिवार ६.५३ प्रतिशत रहेको देखिन्छ । वडा नं. १ को चिसापानी बजार, वडा नं. ३ को बैरहवा र वडा नं. ४ को पानी टंकीमा सार्वजनिक शौचालय निर्माण गरिएको छ ।

२.४.८ गाउँपालिकाको कार्यालय भवन तथा सवारी साधनहरु

बैजनाथ गाउँपालिकाको प्रशासनीक भवन वडा नं ५ को रामपुरमा अवस्थित छ । यसैगरी वडा नं ६ को वडा कार्यालय वनाउने क्रममा रहेको छ धने अन्य सबै बडाका वडा कार्यालयहरुले आ आफ्नै वडा कार्यालय बाट सेवा प्रवाह गरिरहेको अवस्था छ । यसैगरी गा.पा.का अन्य कार्यालयहरुमा प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र, प्रसुती गृह, आयुर्वेद औषधालय, साविक गाविस भवन तथा पशुसेवा केन्द्र लगायतका कार्यालयहरु रहेका छन् । ८ वटा वडा कार्यालयहरुमा एक एक मोटरसाईकल सहित जम्मा सवारी साधनको संख्या **१८** रहेको रहेको छ ।

गा.पा.को अचल सम्पति विवरण तल देखाईएको छ ।

अचल सम्पत्तिको नाम	संख्या	कैफियत
गाउँपालिकाको प्रशासनिक भवन र जग्गा	१	१४० कट्ठा ऐलानी जग्गा सहित
गाउँपालिकाको सभा हल	१	
वडा कार्यालयका प्रशासनिक भवन र जग्गा	८	६० कट्ठा ऐलानी जग्गा सहित -वडा न ६ मा निर्माणाधिन
जीप	२	
मो सा	१८	
स्कुटर	१	
कम्प्युटर	३०	
ल्यापटप	४०	
एम्बुलेन्स	४	
कृषि एम्बुलेन्स	१	

२.५ मानवीय संसाधन

नेपालको संविधानको धारा २२१ बमोजिम यस गाउँपालिकामा ४३ सदस्यीय गाउँसभा गठन भएको छ । गा.पा सञ्चालनका लागि अध्यक्ष, उपाध्यक्ष तथा अन्य सदस्यहरु सहित १६ जना सदस्य रहेको कार्यपालिका रहेको छ । यस नगरपालिकाले पारित गरेको संगठन विकास सर्वेक्षण अध्ययन अनुसार देहावमोजिमको सांगठनिक संरचना, दरवन्दी र पदपुर्ति विवरण रहेको छ ।

क. कर्मचारी विवरण

कर्मचारीको उपलव्धता (गा.पा. स्तर वडा कार्यालय समेत)

पद	दरबन्दी संख्या	पदपुर्ति			रिक्त	कैफियत
		स्थायी	करार	जम्मा		
अधिकृत स्तर	१३	१३	०	१३	०	
सहायक	१५	७	३	१०	५	
	२८	२०	३	२३	५	

(ख) विषयगत क्षेत्र तर्फका कर्मचारीको विवरण

शिक्षा

पद	दरवन्दी संख्या	पदपूर्ति संख्या			रिक्त
		स्थायी	करार	जम्मा	
अधिकृत स्तर	२	२	०	२	०
	२	२	०	२	

कृषि

पद	दरवन्दी संख्या	पदपूर्ति संख्या			रिक्त
		स्थायी	करार	जम्मा	
अधिकृत स्तर	१	०	०	०	१
सहायकस्तर	३	३	०	३	
	४	३	०	३	१

पशु सेवा

पद	दरवन्दी संख्या	पदपूर्ति संख्या			रिक्त
		स्थायी	करार	जम्मा	
अधिकृत स्तर	१	०	०	०	१
सहायकस्तर	४	२	०	२	२
	५	२	०	२	३

स्वास्थ्य (स्वास्थ्य चौकी सहित)

पद	दरवन्दी संख्या	पदपूर्ति संख्या			रिक्त
		स्थायी	करार	जम्मा	
अधिकृत स्तर	११	१०	१	११	०
सहायकस्तर	३२	२५	७	३२	०
	४३	३४	८	४३	०

महिला तथा वालवालिका

पद	दरवन्दी संख्या	पदपूर्ति संख्या			रिक्त
		स्थायी	करार	जम्मा	
सहायकस्तर	१	१	०	१	०
	१	१	०	१	०

इञ्जिनियरिङ्ग सेवा तर्फ

पद	दरवन्दी संख्या	पदपूर्ति संख्या			रिक्त
		स्थायी	करार	जम्मा	
अधिकृत स्तर	१	१		१	०
सहायकस्तर	१०	४	४	८	२
	११	५	४	९	२

२.६ स्थानीय तह कार्यसम्पादन मुल्याङ्कन प्रणाली (२०८१।०८२)

वैजनाथ गाउँपालिकाले आ.व. २०८१।०८२ को स्थानीय तह कार्य सम्पादन मुल्यांकन प्रणालीमा प्रविस्ट गरिएको नतिजा ८१(औषत प्रतिशतमा) रहेको छ । यसमध्ये भौतिक पुर्वाधारको स्कोर प्रतिशत ९३, सुशासन तथा संस्थागत बिकासको स्कोर प्रतिशत ९२, , सामाजिक बिकासको ७४, वन,, वातावरण तथा विपद व्यवस्थापनको ६८, आर्थिक बिकासको स्कोर ६७ प्रतिशत रहेको छ ।

२.७ राजश्व परिचालनका लागि प्रशासनिक व्यवस्था

सवल पक्षहरु

- गा.पा.को कार्यालयमा राजश्व उप शाखामा एकजना छैटौं तकको कर्मचारी र एकजना सहायक कम्यूटर अपरेटरको जिम्मेवारी रहेको । शाखा प्रमुखको रुपमा बरिष्ठ लेखा अधिकृतले नै काम गरेको
- राजश्व संकलनको लागि SuTRA सफ्टवेरको प्रयोग गरिएको छ । यसको सेन्ट्रल अपरेसन गा.पा.कार्यालयवाट हुन्छ । ८ वटै वडाकार्यालयहरुमा सफ्टवेरवाट काम भएको छ
- गाउँपालिका र सवै वडाहरुवाट राजश्वको विलिङ् हुने गरेको
- राजस्व शाखामा कार्यरत कर्मचारीको व्यवहार सेवाग्राहीमैत्री रहेको

- कम्प्युटर विलिङ्ग प्रणालीमा समस्या आएमा राजश्व ईकाइका कर्मचारीहरुवाट वडाका समस्या समाधान हुने गरेको
- नेपाल सरकारले व्यवस्था गरेको राजस्व कोड तथा शीर्षक अनुसार संकलन गरिएको राजस्वका शीर्षकहरू मिलेको छ
- करका शीर्षक अनुसार गाउ सभाले निर्धारण गरेको दर प्रविष्टी गरेको पाईएको छ ।
- संकलित रकम राजश्व ईकाइले र वडा कार्यालयहरुले एक हप्तामा बैंक दाखिला गर्ने गरेको देखिन्छ । वडा कार्यालयहरूले दाखिला भौचर प्रत्येक हप्तामा गाउँपालिकाको राजस्व संकलन केन्द्रमा बुझाउने गरेको गरेको
- कर निर्धारणको लागि सम्पति वा आय वा कारोवारको मुल्याङ्न अनुसार कर निर्धारण गरिएको
- करदाताहरुको नाम तथा कर लाग्ने अभिलेखको व्यवस्था जस्तो सम्पति, व्यवसाय, वहाल आदिको अभिलेख गर्ने गरिएको
- समयमा तिर्नेलाई छुट तथा ढिलो वुझाएमा जरिवाना लाग्ने व्यवस्था लागु गरिएको
- करदातालाई कर र शुल्क सम्वन्धी जानकारी दिने गरिएको
- आयका श्रोतहरुको अभिलेखिकरण गर्ने गरिएको
- समय समयमा राजश्व संकलन दर दायरा लगायतका बिषयमा समिक्षा हुने गरेको ।

सुधार गर्नु पर्ने पक्षहरु

- राजस्व ईकाइ तथा यस अन्तर्गतका कर्मचारीले गर्नुपर्ने कामहरुको कार्यविवरण तयार गरि राजश्व फांटको जिम्मेवारी राजश्व ईकाइ प्रमुख तथा कर्मचारीलाई दिनु पर्ने
- राजस्व ईकाइको लागि बेग्लै कार्यकक्ष तथा भौतिक सुविधा (कम्प्युटर, प्रिन्टर, सप्फट्वेयर तथा फर्निचर) को आवष्यकता रहेको । राजश्व शाखाको लागि भौतिक पुर्वाधार सेवाग्राही मैत्री रुपमा तयार गर्नु पर्ने ।
- विगत आ.व.मा संकलन भएका राजस्व सम्बन्धी तथ्यांक, विभिन्न आर्थिक वर्षहरुको राजस्व बजेट जस्ता आवश्यक तथ्यांक तथा दस्तावेजहरु अभिलेखिकरण हुनुपर्ने
- राजस्व संकलनको जिम्मेवारी सहित कार्यरत कर्मचारीहरूका लागि तालिम तथा अभिमुखीकरण
- राजस्व संकलन तथा त्यसको प्रभावकारिताका लागि अनुगमन तथा मूल्यांकन
- राजश्व उपशाखा र सम्वन्धित अन्य शाखाहरुको विचमा प्रभावकारी समन्वय हुनु पर्ने

परिच्छेद—३
स्थानीय तहको राजश्व अधिकार तथा आय संभाव्यता

यस परिच्छेदमा बिद्यमान कानुनी प्राबधान अनुसार स्थानीय सरकारहरुको आन्तरिक आय परिचालनको सम्भाव्यतालाई शिर्षकगत रुपमा विस्तृत विश्लेषण गरिएको छ । यसबाट बैजनाथ गाउँपालिकाको आन्तरिक आय परिचालनको विद्यमान अवस्था तथा सम्भावनाहरुको विश्लेषण गरी पहिचान गरिएका बास्तबिकताहरुलाई राजस्व सुधार कार्ययोजना मार्फत संवोधन गर्ने प्रयास गरिएको छ ।

यस परिच्छेदलाई मुख्यतया तीन भागमा बिभाजन गरिएको छ । पहिलो भागमा स्थानीय तहहरुको राजश्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्थाको बारे चर्चा गरिएको छ । दोश्रो भागमा बैजनाथ गाउँपालिकाको आन्तरिक आय परिचालनको बर्तमान अबस्थाको उजागरगर्न खोजिएको छ भने तेश्रो भागमा गाउँपालिकाको आन्तरिक श्रोततर्फ राजश्वका प्रमुख क्षेत्रहरु तथा संभावनाको बारे बिश्लेषण गर्ने प्रयास गरिएको छ ।

३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था

स्थानीय सरकार संचालन ऐन, २०७४ले स्थानीय तहलाई निम्नानुसारका आय संकलन गर्ने अधिकार प्रदान गरेको छ

३.१.१ गाँउपालिकाको एकल अधिकारः

३.१.१.१ कर

१. सम्पत्ति करः

आफनो क्षेत्रभित्रको घर र घरजग्गामा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा भूमीकर (मालपोत) लगाउनु पर्ने । "घरले चर्चेको जग्गा" भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गा समेत पर्ने ।

२. भूमि कर (मालपोत)

आफ्नो क्षेत्रभित्रको जग्गामा त्यस्तो जग्गाको उपयोगका आधारमा लगाउने । तर, सम्पत्ति कर लगाएको घरजग्गामा भूमिकर (मालपोत) नलाग्ने ।

३. घर जग्गा बहाल कर

कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा ।

४. व्यवसाय करः

पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा ।

५. सवारी करः

टाँगा, रिक्सा, अटोरिक्सा, विद्युतीय रिक्साहरुको दर्ता तथा नविकरण वापत लगाइने कर ।

६. जडिबुटी, कवाडी र जीवजन्तु कर

आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको व्यवसायिक उपयोग गरे बापत लगाइने कर ।

३.१.१.२ शुल्क

१. बिटौरी शुल्कः

आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत ।

२. पार्किङ् शुल्कः

आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत ।

३.१.१.३ सेवा शुल्क

- आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ्ग, कायकिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, प्याराग्लाइडिङ्ग आदि मनारञ्जन तथा साहसी खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा ।
- आफुले निर्माण, संचालन वा ब्यवस्थापन गरेका स्थानीय पुर्वाधार वा उपलब्ध गराएको देहायको सेवामा (खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक बत्ति, शौचालय, पार्क, पौडी पोखरी, ब्यायामशाला, पर्यटकीय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल आदि) (अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्यांकन ।
- सेवा शुल्क सिफारिश सम्बन्धी अन्य सेवा शुल्क

३.१.१.४ दस्तुर

- दर्ता, अनुमति तथा नवीकरण दस्तुरः
    - ✓ एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, टयुसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग ।
    - ✓ ढुङ्गा, गिट्टी, वालुवा, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सभेक्षण, उत्खननु तथा उपयोग ।
    - ✓ नक्सा पास दस्तुर ।
- पञ्जीकरण व्यवस्थापन दस्तुर ।
- वडामार्फत् गरिने सिफारिश तथा प्रमाणित दस्तुर ।
- गाउँपालिका तथा नगरपालिकाले आफनो क्षेत्रभित्र वाताबरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको बिक्री गर्न सक्ने ।
- गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको बिक्री गर्न सक्ने । यस्तो बिक्रीबाट प्राप्त रकम गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने
- सामुदायिक वनबाट आय प्राप्त गर्न सक्ने ।

३.१.२ प्रदेश तथा संघीय कानून अनुसार प्राप्त हुने (दफा ११ (४)

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी ।
- खनिज पदार्थको उत्खनन् रोयल्टी ।
- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी ।
- खानेपानी महसुल ।
- स्थानीय साना सतह तथा भूमिगत सिंचाई सेवा शुल्क ।
- स्थानीय स्तरमा जडिवुटी तथा गैरकाष्ठ वन पैदावार उत्पादन, संकलन, प्रसोधन र वजार व्यवस्थापन ।
- जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, संचालन अनुमति ।

स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नवीकरण

- इन्टरनेट सेवा, टेलीसेन्टर, केवल, तारविहिन टेलिभिजन प्रसारण अनुमति, नवीकरण ।
- स्थानीय तहका पत्रपत्रिकाको दर्ता ।

३.१.३ अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ (आर्थिक ऐन २०७५ वाट संसोधित व्यवस्था) अनुसार स्थानीय तहलाई निम्नअनुसार वित्तीय अधिकार प्रदान गरेको छ

१.एकल कर प्रशासन सम्वन्धी व्यवस्था

(क) सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने । तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतिय रिक्सामा सवारी साधन करको दर गाँउपालिका वा नगरपालिकाले लगाउने र उठाउने ।

(ख) .घरजग्गा रजिश्ट्रेशन शुल्कको दर प्रदेशले लगाउने र गाँउपालिका वा नगरपालिकाले उठाउने ।

(ग) .मनोरंजन करको दर प्रदेशले लगाउने र गाँउपालिका वा नगरपालिकाले उठाउने ।

(घ) विज्ञापन करको दर गाँउपालिका वा नगरपालिकाले लगाउने र उठाउने ।

यसरी ख), ग) र (घ) बमोजिमको करवाट उठेको रकममध्ये ६० प्रतिशत रकम गाँउपालिकाको संचित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्ने ।

(ङ) प्रदेशले सवारी साधन करबाट उठेको रकम प्रदेश विभाज्य कोषमा जम्मा गनुपर्ने ।

- प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम ६० प्रतिशत रकम प्रदेश सरकारलाई र ४० प्रतिशत स्थानीय तहलाई वाँडफाँड गरिने
- आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई वाँडफाँड गर्ने ।
- प्रदेशले मासिक रुपमा सम्वन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

३.१.४ राजश्व बाँडफाँड

- नेपाल सरकारले संकलन गरको मूल्य अभिवृद्धि कर र अन्तशुल्कबाट संकलन भएको रकमको १५ प्रतिशत स्थानीय विभाज्य कोषमा जम्मा हुने ।
- आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम बाँडफाँड हुने ।
- स्थानीय सञ्चित कोषमा मासिक रुपमा प्राप्त हुने ।
- प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टिको बाँडफाँड आयोगको सिफारिसमा प्राकृतिक श्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय तहलाई २५ प्रतिशत तथा प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी वार्षिक रुपमा प्राप्त हुने ।

३.१.५ अनुदान

- वित्तीय समानीकरण अनुदानः खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिशमा संघ र प्रदेशबाट प्राप्त
- सशर्त अनुदानः कुनै योजना÷ कार्यक्रम तथा गतिविधिहरु कार्यान्वयन गर्न आयोगले तोकेको आधारमा संघ र प्रदेशबाट प्राप्त हुने ।
- समपूरक अनुदानः पूर्वाधार बिकास सम्बन्धि कुनै योजना कार्यान्वयन गर्न योजनाको कुल लागतको अनुपातका आधारमा संघ र प्रदेशबाट प्राप्त हुने ।
- विशेष अनुदानः कुनै खास उद्देश्य र योजनाको लागि संघ र प्रदेश सरकारवाट प्रदान गरिने अनुदान ।

३.१.६ वैदेशिक सहायता तथा आन्तरिक ऋण

- नेपाल सरकारको पूर्वस्वीकृति लिएर मात्र वैदेशिक अनुदान वा सहयोग लिन वा बैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने ।
- नेपाल सरकारको सहमति लिएर मात्र वित्त आयोगले सिफारिस गरेको सिमाभित्र आन्तरिक ऋण लिन सक्ने ।
- नेपाल सरकारसँग मनासिब कार्यका लागि ऋण लिन सक्ने ।

उपरोक्त व्यवस्थाहरूले स्थानीय तहलाई प्राप्त हुन सक्ने आयका स्रोतहरूलाई व्याख्या गरेको छ । स्थानीय तहले कानून बमोजिम वाहेक आफनो अधिकार क्षेत्रमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने व्यवस्था हुनुका साथै निम्न अनुसारका थप व्यवस्थाहरू रहेका छन् ।

- कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय तहलाई प्रतिकुल असर नहुने गरी लगाउनु पर्ने (संवैधानिक व्यवस्था)
- कर नलाग्ने M कूटनीतिक नियोग, कूटनीतिज्ञ, वदेशिक ऋण वा सहायताबाट संचालित परियोजनावाट हुने पैठारी, सामुहिक वा संयुक्त आवासको बिक्री नभएको स्टक, सामुहिक आवासको सार्वजनिक उपयोगको क्षेत्र

३.२. आन्तरिक आय परिचालनको वर्तमान अवस्था

स्थानीय तहका राजस्व अधिकार सम्बन्धी कानूनी आधारमा बैजनाथ गाउँपालिकाको सम्भाव्य आय शिर्षकहरू अन्तगतको बर्तमान राजश्व परिचालनको अवस्था तल विश्लेषण र गाउँपालिकामा सम्भावना भएका आय शिर्षकहरूको संभाव्यता, संकलनको अवस्था तथा दरको निर्धारणको अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका

आन्तरिक आय परिचालनको वर्तमान अवस्था

क्र सं.	आयका प्रकार	संभावना भएको/नभएको	संकलन भएको/नभएको	दर निर्धारण भएको/नभएको
क	**कर राजश्व**			
१	सम्पत्ति कर	भएको	भएको	भएको
२	भूमिकर (मालपोत)	भएको	भएको	भएको
३	सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा)	भएको	भएको	भएको
४	घर जग्गा बहाल कर	भएको	भएको	भएको
५	व्यवसाय कर (दर्ता तथा नबिकरण)	भएको	भएको	भएको
६	जडिबुटी, कवाडी र जिवजन्तु कर	भएको	नभएको	भएको
७	मनोरन्जन कर	भएको	भएको	भएको
८	बिज्ञापन कर	भएको	नभएको	भएको
ख.	**गैर कर‌राजश्व**			
९	ढुङ्गा, गिट्टी, , वालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुङ्गा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको विक्री तथा निकासी शुल्क	भएको	नभएको	भएको
१०	नक्सापास दस्तुर	भएको	भएको	भएको
११	ब्यक्तिगत घटना दर्ता शुल्क	भएको	भएको	भएको
१२	वहाल विटौरी शुल्क	भएको	भएको	भएको
१३	पार्किङ्ग शुल्क	भएको	नभएको	नभएको
१४	फोहरमैला ब्यवस्थापन शुल्क	नभएको	नभएको	नभएको
१५	स्थानीय खानेपानी महसुल	नभएको	नभएको	नभएको
१६	स्थानीय विद्युत महसुल	नभएको	नभएको	नभएको
१७	केवलकार, ट्रेकिङ्ग, कायाकिङ्ग, वन्जीजम्प, जिपफ्लायर, प्याराग्लाईडिङ आदि मनोरंजन तथा साहसी खेलकुद सम्वन्धी	नभएको	नभएको	नभएको

क्र सं.	आयका प्रकार	संभावना भएको/नभएको	संकलन भएको/नभएको	दर निर्धारण भएको/नभएको
	सेवा तथा ब्यवसायमा सेवा शुल्क			
१८	निर्माण, संचालन र ब्यवस्थापन गरेका स्थानीय पुर्वाधार तथा सेवामा सेवाशुल्क	भएको	नभएको	नभएको
१९	मूल्यांकन सेवा शुल्क	भएको	नभएको	नभएको
२०	दर्ता, अनुमति तथा नवीकरण दस्तुर (एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म	भएको	भएको	भएको
२१	वडा मार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर	भएको	भएको	भएको
२२	दण्ड जरिवाना	भएको	भएको	भएको

श्रोतः समुह छलफल तथा गाउँपालिकाको अभिलेख, २०८३

विद्यमान कानुनी प्रावधान अनुसार स्थानीय सरकारले लिन पाउने कर तथा गैरकरहरुको आधारभूत अवस्था शीर्षकगत रुपमा माथिको तालिकामा प्रस्तुत गरिएको छ । जसमध्ये करतर्फ ८ शीर्षक र गैरकरतर्फ १४ शीर्षकमा आन्तरिक आयको विद्यमान अवस्था विश्लेषण गरिएको छ । तालिका अनुसार पालिकाले लिनसक्ने ८ किसिमका कर राजस्व मध्ये बैजनाथ गाउँपालिकाका जनप्रतिनिधिहरु, राजस्व परामर्श समितिका सदस्यहरु तथा कार्यालयका कर्मचारीहरूसँगको छलफल तथा गाउँपालिकाका दस्तावेजहरूको अध्ययनका आधारमा सबै शिर्षक अन्तर्गत करहरु संकलनको संभावना रहेको आर्थिक ऐनमा करका दरहरु तोकिएको तर जम्मा ६ क्षेत्रबाट मात्र रकम संकलन भैरहेको पाइयो । गैरकरतर्फका १४ शीर्षकमध्ये १० शीर्षकमा संकलनको सम्भावना भएको पाइए पनि जम्मा ७ शीर्षकको दर निर्धारण भै संकलन भएको पाइन्छ । बिगतमा बासगढी नगरपालिका संगको सहकार्यमा मानखोलामा ढुङ्गा, गिट्टी, वालुवा जस्ता प्रकृतिक श्रोतको बिक्रिबितरण बाट ठूलो रकम संकलन गरिएकोमा यस आ.व मा बिबिध कारण ठेक्का लगाइएको छैन।

३.३ आन्तरिक आय तथा राजश्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण

यस शिर्षक अन्तरगत गाउँपालिकाले प्रचलित कानून बमोजिम संकलन गर्न पाउने आन्तरिक स्रोत मध्ये हाल संकलन भईरहेको तथा त्यसमा कुल संभावित आय र नयाँ संभावित क्षेत्रहरु तथा त्यसमा संकलन हुन सक्ने कुल सम्भावित आयलाई अध्ययन तथा विश्लेषण गरिएको छ ।

३.३.१ कर राजश्व

कर राजश्व तर्फका तपसिलमा उल्लेखित करहरुको बर्तमान अवस्था तथा संभाव्यताको बिश्लेषण गरिएको छ

३.३.१.१ सम्पत्ति कर

बर्तमान अवस्थाः बैजनाथ गाउँपालिकाको आ.व. २०७५।७६ देखि नै सम्पत्ति कर लगाउन सुरु गरिसकेको छ । बैजनाथ गाउँपालिकाको आर्थिक ऐन २०८२ ले गाउँपालिका क्षेत्रमा भएका घर जग्गाको मुल्यांकनको आधारमा सम्पत्ति करको दर तोकेको छ । गाउँपालिकाको आर्थिक ऐन २०८२ मा सम्पत्ती कर सम्वन्धी भएका प्राबधानहरु तपसिल बमोजिम रहेका छन् ।

सम्पत्ती करः प्रतिलाख रु २५.०० का दरले हुने । मुल्यांकनको आधार कार्यपालिकाबाट मापडण्ड निर्धारण नभए सम्मकालागि स्वघोषणालाई लिइने छ ।

जनगणना २०७८ अनुसार गाउँपालिकामा कुल घरपरिवार संख्या १६,४६९ रहेको देखिन्छ । यहि प्रतिवेदनका अनुसार गाउँपालिका क्षेत्रका सबै वडाहरुमा अव्यवीस्थत बसोवास तथा सुकुम्वासीहरुको बसोवास रहेको र उक्त संख्या २५६३ रहेको छ । माथीको तथ्यांकका आधारमा आफ्नै नाममा घरजग्गा हुनेको संख्या ११४२४ रहेको देखिन्छ । गाउँपालिकामा भएको छलफल अनुसार आर्थिक बर्ष २०८२।०८३ सम्म करिव ६० प्रतिशत मात्र करको दायरामा आएको पाइन्छ । बैजनाथ गाउँपालिकाले सम्पत्ति करतर्फ आ.**व २०७५।७६ मा रु २५,८०,६८०।—**, **आ.व २०७६।७७ मा रु ९,१०,०००।—** र आ.व **२०७७।७८ मा रु ३३,०६,६३०।—** संकलन भएको तथा **आर्थिक बर्ष २०७८।७९ मा रु ४६,४०,८९२।१२ आर्थिक बर्ष २०७९।०८० मा १९७८६७५।९४**, आर्थिक बर्ष २०८०।०८१ मा २३,०७,७११।२१ **आ ब २०८१।०८२ मा १०,८७,७२७** संकलन भएको देखिन्छ भने आ ब २०८२।०८३ का लागि १८,२०,००० प्रस्ताव गरिएकोमा यो प्रतिवेदन तयार अबधि सम्म ११,७६,००० संकलन भएको देखिन्छ । यस शिर्षक अन्तर्गत बिगत आर्थिक बर्षको कर संकलनलाई हेर्दा प्रत्येक बर्ष राजस्व बढ्नुपर्नेमा घटेको खेखिन्छ। माथीका तथ्यांकहरुलाई आधारमान्दा आ.व २०८१।०८२ प्रस्ताव गरिएको रकम लक्ष्य अनुसार संकलन गर्न सहजै देखिन्छ । गाउँपालिकाको यस शिर्षक अन्रतगत संकलित रकम र राजस्व बुझाउनुपर्ने घरधुरीको अनुपातमा हाल सम्म पनि सबैलाई सम्पत्ति करको दायरामा आवद्ध भएको देखिदैन । अतः आगामी दिनहरुमा संकलन गर्न सक्ने कुल संभावित सम्पत्ती कर तपसिल बमोजिम अनुमान गरिएको छ ।

संभावित सम्पत्ति कर

संभावित करदाता संख्या	बार्षिक औषत रु	बार्षिक कुल आयको संभावना	कैफियत
१६४६९	५००	८२,३४,५००।-	
प्रस्तावित रकमको पहिलो बर्षमा २५ प्रतिशत र त्यसपछिका वर्षहरुमा २० प्रतिशतले बृद्धि हुने			

श्रोतः राजस्व शाखा तथा समुहगत छलफल

सुझावहरु

- मालपोत कार्यालयबाट तथ्यांक संकलन गरी भूमिसम्बन्धी एकीन र विस्तृत तथ्यांक कायम गर्ने ।
- गाउँपालिकामा प्रत्येक घरधुरीलाई अनिवार्य रुपमा आफ्नो घर नक्शा अभिलेखिकरण गर्न लगाउने ।
- सम्पत्तीकर लाग्ने घर तथा जग्गाको मूल्यांकनमा बैज्ञानिक रुपमा परिमार्जन गर्ने ।

३.३.१.२ भुमी कर -मालपोत_

बर्तमान अबस्था:

यस गाउँपालिकाको आन्तरिक स्रोत तर्फको राम्रो आयस्रोत मानिन्छ । विद्यमान कानुन अनुसार सम्पत्ति कर लगाउने भनी तोकिएको घर जग्गा बाहेकका अन्य सबैखाले जग्गाहरुमा भूमिकर लगाउने व्यवस्था छ । जग्गाको मूल्यांकन गर्दा जग्गाको क्षेत्रफल, जग्गाको भौगोलिक अवस्थिति, जग्गाको उपयोगको अवस्था, जग्गा रहेको स्थानमा पूर्वाधार विकासको अवस्थालाई आधार लिइन्छ । गाउँपालिकाबाट प्राप्त विवरण अनुसार मालपोत÷ भुमिकर तर्फ आ.व २०७८।७९ मा रु १,५६,०७,३११।८६ आ ब २०७९।०८० मा रु ५३,१४, आ ब २०८०।०८१ मा ५९,५०,०६७।९० र आ ब २०८१।०८२ मा रु १,०२,५०,२५७।७० संकलन भएको र आ ब २०८२।०८३ मा रु १,२०,००,०००।— संकलन गर्ने लक्ष्य लिएको मा यो प्रतिवेदन तयार पार्दा सम्म १,४६,००,००० संकलन भईसकेको छ। आ ब २०७८।०७८ मा भूमिहिन दलित भूमिहिन सुकुम्बासी तथा अब्यबस्थित बसोबासीहरुको बिबरण संकलन गर्दा बिगत १० बर्ष देखि अबिच्छिन्न रुपमा बसोबास गरेको भन्ने ब्यबस्था बमोजिम अधिकांस ब्यक्तिहरुले १० बर्षको मालपोत तिरेको कारण बढी संकलन भएको देखिए ता पनि त्यस पछीका बर्षहरुमा क्रमस बढीरहेको देखिन्छ । बिगतका वर्षहरुमा सम्पत्ति कर भन्दा भुमि कर बढी उठेको, बर्तमानमा समेत गाउँपालिकामा घर नक्शा अभिलेखिकरण निरन्तर रुपमा नगरिएको तथा केवल सेवाग्राहीहरुको स्व— घोषणलाई आधार मानी भुमिकर संकलन गरिएकोले पनि सम्पत्तीकरमा आवध्द नभएको निश्कर्ष छलफलबाट प्राप्त भएकोले स्वही निश्कर्षका आधारमा आगामी दिनहरुको भुमिकरको प्रक्षेपण गरिएको छ ।

गाउँपालिकामा भूमीकर लगाउन योग्य जग्गा र सो को करदाता सम्बन्धी यकीन तथ्यांक उपलब्ध नभएको हुँदा हाल गाउँपालिकामा रहेका कुल घरधुरी संख्या तथा भूमीकरको दरलाई भूमीकर रकमको कुल सम्भाव्यता आँकलनको मूल आधारको रुपमा लिई निम्न तालिका अनुसार गणना गरिएको छ । एक घरधुरीमा एकभन्दा बढी व्यक्तिसँग भूमिकर योग्य जग्गा हुनसक्ने र केही जग्गाधनीहरुको घर नभै घडेरी मात्र भएकोले सो समेतलाई ध्यानमा राखी आफ्नो नाममा जग्गा भएका घरधुरी संख्या १६४६९ मा २५ प्रतिशत थप गरी कुल भूमिकरको करदाता संख्या निर्धारण गरिएको छ । आ.व २०८२।०८३ को लागि गाउँपालिकाबाट स्विकृत आर्थिक ऐनमा भएको व्यवस्था अनुसार रु ५ लाख सम्मको मुल्यांकनमा रु १००।— र रु ५ लाख भन्दा माथि प्रति लाखमा रु २५।— का दरले थपहुदै जाने व्यवस्था गरिएको छ ।

कुल भूमिकर करदाता संख्या २०५८६
प्रति करदाता औसत भूमिकर ६००
कुल सम्भाव्य भूमिकर १२३५१६००
प्रस्तावित रकमको पहिलो बर्षमा ९० प्रतिशत र त्यसपछिका वर्षहरुमा २० प्रतिशतका दरले बृद्धि हुने

सुझावहरु

- मालपोत कार्यालयबाट तथ्यांक संकलन गरी भूमिसम्बन्धी एकीन र विस्तृत तथ्यांक कायम गर्ने ।
- गाउँपालिकामा प्रत्येक घरधुरीलाई अनिवार्य रुपमा आफ्नो घर नक्शा अभिलेखिकरण गर्न लगाउने ।
- सडकहरुको लगत कट्टाको व्यवस्था गर्दे जाने ।
- भूमिकर लाग्ने जग्गाको मूल्यांकनमा आवश्यकता अनुसार परिमार्जन गर्ने ।

३.३.१.३ घर जग्गा वहाल कर

गाउँपालिका क्षेत्रभित्र व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर वा पोखरी पुरै, आंशिक तवरले वहालमा दिएकोमा वहालमा दिएको कुल अंकमा कर लगाईने व्यवस्था अनुसार वहाल कर असुली गर्नुपर्ने हुन्छ र स्वही बमोजिम गर्दै आइरहेको छ ।

बैजनाथ गाउँपालिकाको आर्थिक ऐन २०८२ मा घर जग्गा वहालकर सम्वन्धी व्यवस्थाः

गाउँपालिका क्षेत्रभित्र कुनै घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड कारखाना जग्गा आदि बहालमा दिएकोमा सम्वन्धित धनिबाट १० प्रतिशत ।

गाउँपालिका क्षेत्रमा पसल ब्यवसाय,बैंक तथा वित्तीय संस्था, सहकारी संस्था र सरकारी तथा गैरसरकारी संस्थाहरुलाई सटर तथा कोठा भाडामा लगाईएको छ । गाउँपालिकामा हाल घर बहालमा लगाउने घरधनिहरुको यथार्थ विवरण नभएता पनि हाल गाउँपालिकामा घर बहाल कर बुझाउनेको संख्या सारै न्युन रहेको छलफल बाट पाइयो । गाउँपालिकामा भएको छलफल अनुसार पालिकामा नआइ नहुने अवस्थाका घरधनीहरु तथा बैंक तथा वित्तीय संस्था, सहकारी संस्था एवं गैरसरकारी संस्थाहरु मात्र आउने गरेको देखिन्छ । वर्तमान अवस्थामा बजार बिस्तार तथा अस्थायी बसोबासको क्रम बढ्दै गएकोले घर तथा सटरहरु बहालमा जाने क्रम बृद्दि भएको पाइन्छ । साथै घरबहालमा लिने दिने बिचको संझौता समेत यथार्थपरक नहुने गरेकोले पनि एकिन आकलन गर्न गाह्रो छ । अतः आगामी दिनमा गाउँपालिकाले यस सम्वन्धी विस्तृत तथ्यांक संकलन गरी घर बहालमा लगाउने घरधनिहरुलाई करको दायरामा ल्याउन आवश्यक छ । हाल गाउँपालिका क्षेत्रमा करिव ६०० सटरहरु पसल ब्यवसाय वा कार्यालय प्रयोजनकालागि वहालमा लगाएको अनुमान गर्न सकिन्छ । हाल बजारको प्रति सटर वहाल वापत औषत रु.३५००।— का दरले हिसाव गर्दा पनि बार्षिक रु २,५२,००,०००।— को कारोवार हुने र गाउँपालिकाको आ.व २०८२।०८३ को आर्थिक ऐनमा व्यवस्था भए बमोजिम १० प्रतिशतका दरले हुने रकम रु २५,२०,०००.।— घर बहालकर उठ्न सक्ने देखिन्छ । त्यस बाहेक सहकारीहरु, बित्तिय संघ संस्थाहरु, गैससहरु तथा कानुनीरुपमा दर्ता भएका व्यपारी तथा व्यवसायीहरुले थप रकम संकलन हुन सक्ने अनुमान गर्न सकिन्छ । त्यस्तै घरयासी प्रयोजन (कोठा भाडामा) लगाउने समेत सबैलाई करको दायरामा ल्याउन सकिएमा हाल संकलन हुदै आएको रकममा करिव चार गुना बडी रकम संकलन हुने देखिन्छ । अत आगामी दिनहरुको लागि घर बहाल करको संभावनालाई स्वही अनुसार प्रक्षेपण गरिएको छ ।

प्रस्तावित घर जग्गा बहालकर

क्र सं	प्रयोजनका आधारमा बहालमा बस्ने	बहालमा बस्ने अनुमानित संख्या	मासिक औसत भाडा रकम	वार्षिक भाडा रकम	प्रस्तावित करको दर प्रतिशत	बार्षिक घर जग्गा बहाल कर
१	ठुला संस्थागत तथा औधोगिक प्रयोजनकोलागि	५०	८०००	४८०००००	१०	४,८०,०००
२	व्यवसायीक प्रयोजन (सटर भाडामा)	६००	३५००	२,५२,००,०००	१०	२५,२०,०००
३	घरयासी प्रयोजन (कोठा भाडामा)	५००	२०००	१२००००००	१०	१२,००,०००
					जम्मा	४२,००,०००
पहिलो बर्ष अनुमानको ४० प्रतिशत त्यस पछिका बर्षहरुमा २० प्रतिशतले बृद्धि हुने ।						

आगामी दिनहरुमा गाउँपालिकाले तपशिलमा भएका कार्यहरु गर्दा घर बहाल करलाई बढी प्रभाबकारी गर्न सकिन्छ ।

- घरबहालमा दिनेहरुको लगत संकलन गर्ने र नियमित अद्यावधिक गर्ने व्यवस्था गर्ने ।
- घरबहाल कर संकलन गर्दा गाउँपालिकाले निर्धारण गरेको हालका दरहरुलाई परिमार्जन गर्ने ।
- सुरु सुरुमा करदातालाई आफै कर घोषणा गर्न लगाउने र स्बही अनुरुप संकलन गर्ने ।
- घरधनी तथा बहालमा बस्ने दुवैलाई बहाल करको विषयमा जानकारी गराउने ।
- सम्पत्ति कर, व्यबसाय कर र घरजग्गा बहालकर संकलनलाई एकीकृत रुपमा एकै पटक उठाउन सकिने गरी व्यवस्था मिलाउने ।

३.३.१.४ व्यवसाय कर

गाउँपालिकाले आर्थिक ऐनमा ब्यवसायको प्रकृति अनुसार करको दर निर्धारण गरेको छ । गाउँपालिकाले व्यवसाय करलाई दुई बर्गमा बिभाजन गरेको छ । पहिलो व्यवसाय दर्ता तथा दोश्रो व्यवसाय नविकरण । ब्यवसाय दर्ता करको दर रु ३०० देखि रु ६०००।— सम्म र नविकरणमा न्यूनतम रु १००।— देखि अधिकतम रु २५०००।— सम्म रहेको छ ।

बैजनाथ गाउँपालिकामा संकलित ब्यबसाय करको बिबरण :

क्र सं	आ ब	ब्यबसाय करको अनुमान	ब्यबसाय करको संकलन	प्रतिशत
१	२०७७।०७८	२,५०,०००	८,०४,४४४	३२२
२	२०७८।०७९	४,५०,०००	८,३३,५००	१८५
३	२०७९।०८०	२५,००,०००	१३,२१,५५०	५३
४	२०८०।०८१	३८,००,०००	५,६३,४००	१५
५	२०८१।०८२	२७,५०,०००	९,९४,४००	३६
६	*२०८२।०८३	३५,००,०००	११,३५,८००	३२

*२०८२।०८३ अन्तर्गत २०८३ जेष्ठ मसान्त सम्मको संकलित अबस्था

माथिको तालिकाबाट के निष्कर्ष देखिन्छ भन] पछिल्ला आ ब हरुमा व्यवसाय कर अनुमानको करिब ३२ प्रतिशत मात्र संकलन भएको देखिन्छ । चालु आ ब मा पनि सोही अनुपातको संलन हुने देखिन्छ । गाउँपालिकामा प्रत्येक बर्ष कुन कुन क्षेत्रमा के कति व्यवसायहरु थपिए तथा कतिले व्यवसाय बन्द गरे सो सम्वन्धी बिस्तृत बिवरण नभएकोले आगामी दिनहरुमा यसलाई व्यवस्थीत गरेमा मात्र सही विवरण लिन ÷ दिन सकिने देखिन्छ । पछिल्लो ५ आ ब को ब्यबसाय करको संकलनको अबस्था हेर्दा औषत ३२ प्रतिशत मात्र कर संकलन भएको देखिन्छ । राजश्वको एक प्रमुख श्रोतको रुपमा रहेको ब्यबसायकर संकलन तर्फ ध्यान दिनु पर्ने देखिन्छ । गाउँपालिकाले आफ्नो क्षेत्र भित्र संचालन भएका उद्योग तथा व्यबसायहरुको यकिन तथ्यांक संकलन गरी कर असुलीलाई प्रभाबकारी बनाउन सके राजस्वमा उल्लेख्य बृद्धि हुनसक्ने देखिन्छ ।

गाउँपालिकामा भएको छलफलका आधारमा व्यवसाय करलाई निम्नानुसार अनुमान गरिएको छ ।

करको शिर्षक	न्युनतम रु	अधिकतम रु	औषत रु	संख्या (करदाता)	वार्षिक कुल आय सम्भाव्यता रु	कैफियत
ब्यवसाय	१००	६००००	८००	२०००	१६०००००	
पहिलो बर्ष ९० प्रतिशत र त्यस पछिका बर्षहरुमा १० प्रतिशतले बृद्धि गर्ने						

गाउँ तथा बजार क्षेत्रमा रहेका सम्पूण व्यवसायहरुलाई अनिवार्य दर्ता गर्ने योजनाका साथ व्यवसायीहरुकै सहयोगमा व्यवसाय दर्ता तथा नविकरण अभियान संचालन भएको देखिन्छ । गाउँपालिकामा संचालनमा रहेका तथा गाउँपालिकामा दर्ता भएका साना उद्योग तथा व्यबसायहरुको अन्तरलाई हेर्दा गाउँपालिकाले कर संकलनमा सुधार ल्याउनका लागि निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ ।

- गाउँपालिकामा सञ्चालित सबै किसिमका व्यवसायहरुको विवरण÷लगत तयार गर्ने ।
- एकै प्रकारको व्यवसायलाई व्यवसायमा भएको लगानी तथा कारोबारको आधारमा वर्गीकरण गरी करको दरमा परिमार्जन गर्नुपरे परिमार्जन गर्ने ।
- व्यवसायीहरुको रायलाई समेत ध्यानमाराखी व्यवबसाय दर्ता, नवीकरण र खारेजी सम्बन्धी स्पष्ट कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याउने ।
- बजार अनुगमन गर्ने, यसका लागि अनुगमन समिति, राजस्व परामर्श समितिलाई बढी सक्रिय बनाउने
- कर अभियान सञ्चालन गरी कर सचेतना अभिवृद्धि गर्ने साथै नागरिकका गुनासो सुनुवाइ गरी जायज गुनासो सम्बोधन गरी व्यवस्थापन गर्ने ।
- अधिकतम कर तिर्ने करदातालाई पुरस्कृत गर्ने तथा करको दायरामा नआउनेलाई उच्च दरमा जरिवानाको व्यवस्था पर्ने ।

३.३.१.५ जडीबुटी, कवाडी, जीवजन्तु कर

बर्तमान अबस्थाः बैजनाथ गाउँपालिकामा जडीबुटी र जीवजन्तुहरुमा लाग्ने करको सम्भावना नदेखिएता पनि बढ्दै गएको बजारीकरणका कारणले पनि कवाडी करको सम्भावना भने देखिन्छ । गाउँपालकाले यस शिर्षकमा आ ब २०८२।०८३ का लागि राजश्व संकलनको अनुमान गरेको छैन । तर
बैजनाथ गाउँपालिकामा कवाडी कर संकलनको प्रचुर संभावना रहेको छ । कोहलपुर नगरपालिकामा संकलन हुने कवाडीजन्य बस्तुहरुको केही अंश बैजनाथ गाउँपालिकाको रहेको छ । यसलाई समेत मध्यनजर गरी आगामी आर्थिक बर्ष देखि गाउँपालिकाले कवाडी कर सङ्कलनको सम्वन्धमा आवस्यक निर्णय लिई कार्यान्वयनमा ल्याउनुपर्ने देखिन्छ । कवाडीकर संकलन सम्वन्धमा पालिकाबाट बिस्तृत अध्ययन नभएको भएतापनि कार्यशालामा भएको छलफल तथा कोहलपुर नगरपालिकाले लगाएको ठेक्काको आधारमा बैजनाथ गाउँपालिकाले आगामी बर्षमा केही रकम संकलन गर्न सक्ने संभावना देखिन्छ ।

सुधारका पक्षहरूः कवाडी, करलाई अझ व्यवस्थितगर्न निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ ।

- संकलन हुन सक्ने कवाडी मालसामानको परिमाण एकीन गरी करको दरलाई आवस्यकता अनुसार परिमार्जन गर्न सकिने ।
- कवाडी व्यबसाय सञ्चालन सम्बन्धी मापदण्ड तथा कार्यविधि बनाई लागुगर्ने ।
- कवाडी कर असूलीका लागि ठेक्का बन्दोबस्त सम्बन्धि व्यवस्था मिलाउने ।

३.३.१.६ सवारी साधन करः

हालको अवस्थाः नेपालको संविधान २०७२ बमोजिम सवारी साधन सम्बन्धी अधिकार साझा अधिकार सूचीमा परेको छ । स्थानीय सरकार संचालन ऐनले उक्त शिर्षकमा कर उठाउने अधिकार प्रदेश सरकारलाई दिएको छ भने उठाईएको कर राजश्व बाँडफाँड वापत स्थानीय सरकारलाई समेत बाड्नु पर्नेछ । सवारी साधन मध्ये इ रीक्सा, अटोरिक्सा र ठेलागाडाको कर मात्र स्थानीय सरकारले लिन पाउने छ । बैजनाथ गाउँपालिकाले हाल सम्म साना सबारी साधनहरु दर्ता तथा नविकरण गरेको पाइएन र सो शिर्षक अन्तगत कुनै रकम संकलन भएको छैन । गाउँपालिकामा भएको छलफल अनुसार हाल गाउँपालिका क्षेत्र भित्र करिव १०० भन्दा बढी साना सवारी साधनहरु (इ रीक्सा, अटोरिक्सा, बिध्युतिय स्कुटर) संचालनमा रहेका भएतापनि अन्यत्र दर्ता भै सेवा गाउँपालिकामा दिइरहेको अवस्था हो । आर्थिक ऐनमा समेत करको दर निर्धारण गरिएता पनि गाउँपालिकाले इ रीक्सा, अटोरिक्सा र ठेलागाडाको दर्ता शुल्क संकलन गरिएको छैन । साना सबारी साधन जस्तै इ—रीक्सा, अटो—रीक्सा र ठेलागाडा बाट रकम संकलन गर्न सक्ने संभावना छ तर व्यवस्थित पार्किङ स्थल आदिको व्यवस्थापन गर्न नसकिएकोले सो को अभावमा कार्य हुन सकेको छैन । अत यसमा गाउँपालिकाको ध्यान जानु आवश्यक देखिन्छ । कार्यशाला गोष्ठीमा भएको छलफल अनुसार उक्त शिर्षकमा सम्भाव्य रकम प्रस्तव गरिएको छैन ।

३.३.१.७ बिज्ञापन कर हालको अबस्था :

बैजनाथ गाउँपालिका क्षेत्रभित्र धेरै निजी तथा वहुराष्ट्रिय कम्पनीहरुले विज्ञापनका होडिङ बोर्डहरु राख्ने, घर टहरा तथा पर्खालहरुमा पेण्टिङ गरेको पाइन्छ । कानुनमा व्यवस्था भएतापनि बिज्ञापन कर वापत त्यस्ता निजी तथा वहुराष्ट्रिय कम्पनीहरुबाट गाउँपालिकाले कुनै कर उठाउने गरेको छैन । बिज्ञापन करको

हकमा करको दर प्रदेशले तोक्ने र सम्वन्धित पालिकाले उठाउने व्यवस्था भएकोमा गाउँपालिकाले सो सम्वन्धमा बिगतमा कुनै रकम संकलन गरेको पाइएन । गाउँपालिका क्षेत्रमा विज्ञापन गर्ने निजी तथा बहुराष्ट्रिय कम्पनीहरुलाई करको दायरामा अनिवार्य रुपमा ल्याई निर्धारित दरमा कर असुल्न सके थोरै भए पनि आय संकलन हुने देखिन्छ ।

संभावनाः गाउँपालिकामा वार्षिक रुपमा के कति विज्ञापन सामग्रीहरु प्रयोग गरिएको छ भन्ने यकीन तथ्यांक उपलब्ध छैन । गाउँपालिका भित्र करिव एक दर्जन बजार केन्द्रहरु रहनु, जनघनत्व तीव्र रुपमा बढ्दै जानु, कर्णाली प्रदेशको प्रबेशद्वारको रुपमा रहनु तथा पुरानो शहर नेपालगन्ज आवागमन गर्ने मार्गमा रहनु आदि कारणले यस गाउँपालिकामा विज्ञापन करको सम्भावना फराकिलो हुँदै गएको छ । यद्यपि गाउँपालिकाको आफ्नै अनुभवबाट पनि ठेक्का रकम आह्वान गर्दा बढी व्यवहारिक र यथार्थपरक हुनुपर्ने देखिएको छ । आर्थिक ऐन २०८२ मा भएको प्रावधान तथा कार्यशालामा भएको छलफलको आधारमा विज्ञापन कर वापत चालु आ.व २ को लागि एकमुष्ठ रु. ५ लाख अनुमान गरिएको छ ।

तत्काल गर्नुपर्ने कार्यः

- गाउँपालिका क्षेत्रमा रहेका विद्यमान विज्ञापन सामग्री सम्बन्धी लगत संकलन गर्ने ।
- विज्ञापन कर व्यबस्थापन कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याउने । संकलन बिधि तय गर्ने ।
- कार्यविधि तर्जुमा गर्दा विज्ञापन सामग्रीको आकारका अतिरिक्त विज्ञापनका विषयवस्तुलाई पनि वर्गीकृत गर्ने ।
- विज्ञापन कर संकलनको कार्यलाई प्रभावकारी बनाउन अनुगमनमा जोड दिने, सबै विज्ञापन करको दायरामा आउने विषय सुनिश्चित गर्ने ।
- सार्वजनिक जग्गा लगायत निजी घर र जग्गामा राखिएका विज्ञापन सामग्रीमा समेत कर लगाउने गरी कानूनी व्यबस्था गर्ने ।

३.३.१.८ मनोरञ्जन करः

हालको अवस्थाः मनोरञ्जन कर सम्बन्धी अधिकार प्रदेश सरकारको क्षेत्राधिकार भित्र परे पनि यस शिर्षकमा कर उठाउन स्थानीय सरकारलाई अधिकार प्रत्यायोजन गरिएको छ । तर यस शिर्षकबाट उठेको रकम राजश्व बाँडफाँड वापत प्रदेश सरकारलाई समेत फिर्ता गर्नुपर्दछ । मनोरन्जन कर बापत हाल सम्म कुनै कर उठाउने गरिएको पाइएन । गाउँपालिका क्षेत्रभित्र केवुल च्यानल, डिस होम विक्रेता, बाट कर निर्धारण गरी लागु गर्न सकिन्छ । गाउँपालिकाले बिगत बर्षहरुमा रकम संकलन नगरेको भएता पनि आ ब २०८०।०८१, २०८१।०८२ र २०८२।०८३ मा समान ५००० अनुमान गरेको भएता पनि संकलन रकम क्रमश २६०००, ७००० र ७५०० संकलन भएको देखिन्छ । गाउँपालिकामा भएको छलफल अनुसार आगामी बर्ष देखि यसलाई व्यवस्थित **गर्ने गरी बार्षिक रु ५०००।— प्रस्ताव** गरिएको छ ।

३.३.२ गैर कर राजश्व

३.३.२.१ . बहाल विटौरी कर

हालको अवस्थाः स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले गाउँपालिका तथा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत बहाल बिटौरी शुल्क लगाउन पाउने व्यवस्था गरेको छ । गाउँपालिकाको आर्थिक ऐनले अव्यवस्थित, भूमिहीन र सुकुम्बासी बसोवास भएका स्थानमा घरले चर्चेको जग्गा र सो जग्गामा निर्माण भएका घरमा अव्यवस्थित बसोवास व्यवस्थापन गर्ने गरी शुल्क लिई सो शुल्क बहाल बिटौरी शुल्क अन्तर्गत जम्मा गर्ने व्यवस्था गरेको छ । गाउँपालिकाले यस शीर्षकमा आ.व. २०७९।०८० मा ९,८५,८१८.३८ संकलन गरेको, आ.व. २०८०।०८१ मा ४,६९,८०७.१४ २०८१।०८२ मा ३१,२८,३७०.९८ संकलन गरेको र २०८२।०८३ मा ४३,५५,००० संकलन गर्ने अनुमान गरि हाल सम्म ३०,४६,२६८.९० संकलन गरेको छ । गाउँपालिकाले गरेको घरधुरी सर्भेक्षण २०७७ अनुसार गाउँपालिका क्षेत्र भित्र जग्गाको स्वामीत्व नभएका घरधुरी २५६३ रहेको देखिन्छ । यसैलाई आधारमानी बर्तमान अवस्थामा करीव ३००० घरधुरीहरु ऐलानी जग्गामा बनेको अनुमान गर्न सकिन्छ । आगामी बर्षकोलागि संभावित राजस्व आकलनकोलागि यस बर्षकोलागि प्रस्ताव गरिएको रकम न्युन रहेकोले गत आ. व २०८१।०८२ मा संकलन गरेको रकमलाई आधारमानी त्यसमा ५ प्रतिशतले बृद्धि गरी प्रस्ताव गरिएको छ ।

- आगामी दिनमा गाउँपालिकाले सार्वजनिक, पर्ती र ऐलानी जग्गा तथा त्यस्ता जग्गामा बनेका घर, टहरा तथा अन्य संरचना सम्बन्धी विस्तृत तथ्यांक संकलन गरी बहाल विटौरी शुल्कको दायरामा ल्याउने आवस्यक छ ।
- जमिनको उपयोग अनुसार शुल्कको दर निर्धारण गर्ने ।
- गाउँपालिका क्षेत्रका २ स्थानमा रहेका हाट बजारमा हुने पसल तथा व्यापार सम्बन्धी आवश्यक तथ्यांक तथा विवरण संकलन गर्ने ।
- संकलित विवरणका आधारमा पसलहरूको वर्गीकरण गरी हाट बजार विटौरी शुल्कको दर निर्धारण गर्ने र सोही आधारमा ठेक्का अंक कायम गर्ने ।

३.३.२.२ . घर नक्सा पास दस्तुर

हालको अवस्थाः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ७, दफा २७ ले कसैले पनि गाउँपालिका वा नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्नु हुँदैन भन्ने निर्देश गरेको छ । बैजनाथ गाउँपालिकाले आ.व २०७९।०८० मा ९,३४,३३७.४० आ ब २०८०।०८१ मा रु १०,१४,६०१.५४ आ ब २०८१।०८२ मा १६,०२,६४८.३६ संकलन भएको र आ ब २०८२।०८३ मा २७,००,००० संकलन गर्ने अनुमान गरि हाल सम्म १९,६४,०७६.३१ संकलन भएको छ । गाउँपालिकाको नक्सा शाखाका अनुसार हालसम्म पनि अत्यावश्यक र नक्सा पास नभै नहुने अवस्थामा मात्र गाउँपालिकाबाट स्विकृत गराउने प्रचलन भएकोले पालिका क्षेत्र भित्र बन्ने नया घरहरु सबैले नक्शा स्विकृत गरेको पाइदैन । नर्या घरहरुको नक्शापास तथा पुरानो घरहरुको अभिलेखिकरण सम्वन्धी बिस्तृत बिवरण गाउँपालिकामा नपाइएको तथा विगत वर्षहरु देखि नै पुराना घरहरुको समेत अभिलेखीकरण

गर्न सुरुगरिएको भएता पनि न्युन घरधनिहरुले मात्र अभिलेखिकरण गरेकोले अत्यधिक घरधुरीहरु अभिलेखिकरणगर्न बाँकी रहेका छन् ।

संभावनाः नक्सापास गाउँपालिकाको नियमित र एक उल्लेख्य आम्दानीको स्रोत हो । नक्सा शाखाको तथ्यांक अनुसार औसतमा मासिक ८—१० वटा सम्म नक्साहरु दर्ता तथा अभिलेखिकरण हुने गरेका छन् । हालको बजार बिस्तार तथा पुरानो घरहरु भत्काई नया बनाउने प्रचलनले यो संख्या आगामी दिनमा बढ्दै जाने अनुमान गर्न सकिन्छ । बर्तमान अवस्थामा अत्यावश्यक कामको लागि मात्र घरहरुको नक्सापास गर्ने प्रचलन रहेको बुझिएकोले यस्तो कार्यलाई आगामी दिनहरुमा निरुत्साहित गरी सबै नया बन्ने घरहरुलाई अनिवार्य गर्नुपर्ने हुन्छ । प्राप्त बर्तमानको तथ्यांक तथा विगतको आय प्रवृत्तिका आधारमा नक्सापास दस्तुर बापत प्राप्त हुने आय आगामी दिनमा बढ्ने देखिन्छ । गत आर्थिक बर्षका संकलन भएको रकमलाई आधार मान्दा यस आर्थिक बर्षमा प्रस्ताव गरिएको रकम संकलन हुने देखिन्छ । अत आगामी बर्षको अनुमानकोलागि यस बर्ष प्रस्तवित रकमलाई नै आधारमानी थप ३० प्रतिशत बढाइएको छ ।

सुधारका पक्षहरुः

- सचेतनामूलक तथा प्रचारात्मक अभियानहरु सञ्चालन गरी नक्सापास हुन बाँकी सबै घरलाई नक्सापासको दायरामा ल्याउने ।
- आवासीय, व्यवसायिक तथा औद्योगिक प्रयोजनका घरहरुलाई नक्सापास दस्तुरको दरमा विविधता कायम गरी सकेसम्म सानो संरचना निर्माण गर्ने आर्थिक रुपमा कमजोर करदातालाई सहुलियत प्रदान गर्ने ।
- नक्सा पास र घर बहाल कर तथा व्यवसाय करलाई सूचना प्रविधिको उपयोग गरी एक आपसमा आवद्ध गर्ने तथा कर प्रशासन र नक्सापास प्रक्रियालाई सरलीकरण गर्ने ।

३.३.२.३ सिफारिश दस्तुर

हालको अवस्थाः गाउँपालिकाले दस्तुर शिर्षक अन्तर्गत बिबिध दस्तुर आर्थिक ऐनमा तोकी राजस्व संकलन गर्दै आएको छ । आ.व. २०७९।०८० मा २२,४४,३०२ आ ब २०८०।०८१ मा २१,१८,५६४ आ ब २०८१।०८२ मा ५०,३८,१०० संकलन गरेकोमा चालु आ.व. २०८२।०८३ मा रु. ७६,४५,००० मात्र संकलन गर्ने लक्ष्य राखि हाल सम्म ६१,५०,२७५ संकलन गरेको देखिन्छ। यस शिर्षकमा अन्य बिभिन्न दस्तुरहरु समेत एउटै शिर्षकमा आम्दानी बाधिएकोले रकम बढी देखिएको हो । आगामी दिनहरुमा बिविध शिर्षक अन्तगतनै आम्दानी बाध्ने ब्यवस्था मिलाउन सिफारीस गरिन्छ । यसरी भिन्दा भिन्दै आम्दानी जनाउदा यस अन्तर्गत जम्मा हुने रकम पनि कम हुने देखिन्छ । आगामी आ.व को लागि उक्त शिर्षक अन्तर्गत रु ८०००००० प्रस्ताव गरिएको छ । राजस्व संकलन गाउँपालिकाको कार्यालय सहित सबै वडा कार्यालयहरुबाट गर्ने गरिएको छ । बिलिङको लागि गाउँपालिकाको कार्यालय तथा सबै वडाहरुमा नेपाल सरकारले तोकेको स्थानीइ तह संचित कोष प्रणाली सफ्टवेयरमा आधारित बिलिङ पद्दती लागु गरिएको छ ।

सम्भावनाः सिफारिश वा प्रमाणित गर्ने काम गाउँपालिकाको नियमित र निरन्तर काम भएकाले यो गाउँपालिकाको आम्दानीको एक नियमित स्रोत समेत हो । यस शीर्षकमा विगतको आय प्रवृत्ति, जनसंख्या तथा बढ्दो शहरीकरणलाई मध्यनजर गर्दा आगामी बर्षमा रु ८०००००।— आय गर्न सक्ने अनुमान गरी स्वही बमोजिम प्रक्षेपण गरिएको छ ।

३.३.२.४ व्यक्तिगत घटना दस्तुर

स्थानीय तहले व्यक्तिगत घटना दर्तामा निष्चित अवधि ३५ दिन कटेपछि मात्र बिलम्व शुल्कको रुपमा व्यक्तिगत घटना दस्तुर लिनपाउने प्रावधान रहेको छ । हाल सम्म गाउँपालिकाले यस शिर्षक अन्र्तगत रकम संकलन गरेको देखिदैन । संकलन गरिएको रकम सिफारिस दस्तुर अन्र्तगत संकलन गरिएको छ । आगामी दिनहरुमा व्यक्तिगत घटना दस्तुर अन्र्तगतको रकम स्वही शिर्षकमा आम्दानी बाध्ने व्यवस्था मिलाउन सिफारिस गरिन्छ । साथै उक्त वापत अर्को आ.व मा रु १०००००० संकलन हुने अनुमान गरिन्छ ।

३.३.२.५ पर्यटन स्थल प्रवेश शुल्क :

हालको अवस्थाः गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको स्थानीय पूर्वाधार वा पर्यटकीय स्थलमा कुनै सेवा उपयोग गरे बापत सम्बन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क लगाउन सक्ने कानुनी व्यवस्था छ । तर हालसम्म पर्यटन शुल्क सम्बन्धमा कुनै निर्णय भने गरेको छैन । बैजनाथ गाउँपालिकामा पर्यटकीय सम्भावना रहेका बिभिन्न स्थलहरु भएता पनि त्यसको अभ्ययन तथा अनुसन्धान भै कुनै प्रतिबेदन तथार भएको पाईएन । पर्यटकीय स्थलहरुमा गाभर भ्याली होमस्टे, खप्तड अष्ट्रिच फार्म, लायन्स गाभर पार्क, थारु संग्रहालय, गिद्धेनी ताल, पिकनिक पार्क बोरिङ्गबस्ती, सिम्रहवा ताल, मानसरोवर बोटानिकल गार्डेन तथा वनस्पति उद्यान, भ्यु टावर, गौथली बाल उद्यान, बैजनाथ वाटिका रहेकम छन् । यस योजनामा पर्यटन प्रबेश शुल्क बारे कुनै प्राबधान राखिएको छैन । यसकोलागी मुख्य पर्यटकिय स्थलको बिकास गरी स्वही बमोजिम प्रवेश शुल्कको व्यवस्था गर्दा राम्रो हुने देखिन्छ ।

३.३.२.६ बिक्रीबाट प्राप्त रकम (स्लेट, ढुंगा, गिट्टी, बालुवा तथा माटोजन्य वस्तु बिक्री) :

हालको अवस्थाः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ मा व्यबस्था भएअनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणिय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणिय परीक्षणबाट तोकिएको परिमाणमा ढुंगा, गिट्टी, बालुवा एवं माटोजन्य वस्तु बिक्री गर्न सक्ने प्रावधान छ । साविकमा प्रारम्भिक वातावरणीय परीक्षणको मात्र व्यवस्था भएकोमा हाल वातावरणीय प्रभाव मूल्यांकनको समेत व्यवस्था गरेको छ । अध्ययन सिफारिशका आधारमा स्थानीय तहले ढुंगा, गिट्टी, बालुवा, माटो वा स्लेट बिक्री गर्न सक्ने कानुनी व्यवस्था रहेको छ । बैजनाथ गाउँपालिका तथा बर्दियाको बासगढी नगरपालिकाको सिमाभै बग्ने मान खोला दुवै स्थानीय तहहरुको ढुंगा, गिट्टी, बालुवा एवं माटोजन्य पदार्थहरुको मुख्य श्रोतका रुपमा रहेको छ । बासगढी नगरपालिका क्षेत्रबाट ढुंगा, गिट्टी, बालुवा एवं माटोजन्य वस्तुहरु प्रसस्त मात्रामा संकलन गर्न सकिने तथा त्यसको निकासिकोलागि बैजनाथ गाउँपालिकाको भूमि प्रयोग गर्नुपने यथार्थतालाई मध्यनजर गरी दुवै स्थानीय तहहरुको समझदारीमा बिगतमा आलो पाले ठेक्का लगाउने गरिएकोमा यस आ.व २०८२।०८३ मा बैजनाथ गाउँपालिकाले ठेक्का बन्दोवस्तो गर्नुपर्नेमा वातावरणीय प्रभाव मूल्यांकन नभएको कारण सोकार्य अगाडी नबढेको अवस्था छ । अतः दुवै स्थानीय सरकारको सहकार्य तथा स्थानीय जनताहरुसंगको सहमतीमा यसलाई अगाडी बढाउनुपर्ने देखिन्छ । गाउँपालिकाबाट प्राप्त जनकारी अनुसार आ.व २०८०।०८१ मा ठेक्का लागेको थियो भने आ ब २०८२।०८३ मा संकलनको लागि ठेक्का लागेको देखिदैन । संकलन भएको रकम सहमतिमा ५०।५० प्रतिशतका दरले बितरण गर्ने सहमती भएकोछ । अतः आगामी दिनहरुमा समेत स्वही प्रकृयालाई निरन्तरता दिदा दुवै पक्षलाइ सहज हुने तथा राजस्व समेत संकलनहुने देखिन्छ । यसकोलागि बिस्तृत अध्ययन हुनु जरुरी देखिन्छ । आगामी दिनमा स्थानीय तहहरुले वातावरणीय प्रभाव मूल्यांकन गरी कार्यान्वयनमा ल्याउनु पर्ने हुन्छ ।

परिच्छेद—४

आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था

यस परिच्छेदमा बैजनाथ गाउँपालिकाले बिगतमा राजश्व परिचालनमा गरेका प्रयासहरू तथा आय संकलनको बर्तमान अवस्थालाई संक्षिप्त रुपमा प्रस्तुत गरिएको छ । यसबाट गाउँपालिकाको आय संकलनको लागि संस्थागत क्षमतामा सुधार गर्न गर्नुपर्ने कार्यहरू पहिचान गर्न सहयोग पुग्ने छ ।

४.१ राजश्व परिचालन सम्बन्धी संस्थागत ब्यबस्था

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ अनुसार गाउँपालिका उपप्रमुखको संयोजकत्वमा राजस्व सम्बन्धी विषयमा परामर्शका लागि सात सदस्यीय स्थानीय राजश्व परामर्श समिति गठन गरिएको छ । राजस्व परामर्श समितिले राजस्व सम्बन्धी नीति तथा कानुनको तर्जुमा गर्ने, राजस्वका स्रोत, दायरा र दर समेतको विश्लेषण गरी गाउँपालि।कामा सिफारिश गर्ने लगायत कार्यहरु गर्दै आएको छ ।

४.२ बैजनाथ गाउँपालिकाको विगत ३ बर्षको आय परिचालनको अवस्था

रु हजारमा

राजश्व संकेत	शिर्षक	२०७९/२०८० को यथार्थ	२०८०/२०८१ को यथार्थ	२०८१/२०८२ को यथार्थ	२०८२/२०८३ को अनुमान
११३१३	सम्पत्ति कर	१९,७८,६७५.९४	२३,०७,७११.२१	१०,८७,७२७	१८,२०,०००
११३१४	भूमिकर÷मालपोत	५३,१४,०९५.१०	५९,५०,०६७.९०	१,०२,५०,२५७.७०	१,२०,००,०००
११३२१	घर बहाल कर	१०,६५,८५९.८८	४,०४,४६५.०८	१३,०७,६५६.७८	२०,००,०००
११३२२	बहाल बिटौरी कर	९,८५,८१८.३८	४,६९,८०७.१४	३१,२८,३७०.९८	४३,५५,०००
११४७९	मनोरन्जन कर	०	२६०००	७०००	५०००
११६१३	ब्यबसाय रजिष्ट्रेशन तथा नबिकरण	१३,२१,५५०	१४६०६७३	९९४४००	११४८८००
११६९१	अन्य कर	१९,४०,७२६.९६	५,०४,९८२.४५	१,५४,३२१.७२	४,९५,०००
१४२१२	सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम				१०,०००
१३२१३	अन्य बिक्रीबाट प्राप्त रकम				५०००
१४२२१	न्यायिक दस्तुर		४५,२००	१३,२००.००	२५,०००
१४२२३	शिक्षा क्षेत्रको आम्दानी			१,६५,६००	**३,५०,०००**
१४२२४	परिक्षा शुल्क	१,२८,५००	१,१०,०००.००	६४,२००	२,५०,०००
१४२२९	अन्य प्रशासनिक सेवा सुल्क	५१,३७,०४६.९२	७०,८२,७९४.७४	३२,३२,१३१.७२	५५,००,०००

राजश्व संकेत	शिर्षक	२०७९/२०८० को यथार्थ	२०८०/२०८१ को यथार्थ	२०८१/२०८२ को यथार्थ	२०८२/२०८३ को अनुमान
१४२४२	नक्सापास दस्तुर	९,३४,३३७.४०	१०,१४,६०१.५४	१६,०२,६४८.३६	२७,००,०००
१४२४३	सिफारिस दस्तुर	२२,४४,३०२	२१,१८,५६४	५०,३८,१००	७६,४५,०००
१४२४४	व्यक्तिगत घटना दर्ता दस्तुर			६,९६,५३०	९,५०,०००
१४२४५	नाता प्रमाणित शुल्क		४८,८५०	३००	२०,०००
१४२४९	अन्य दस्तुर		६,०७,४०९	४८,०००	९५,०००
१४२५३	व्यावसाय रजिष्ट्रेशन दस्तुर		५,६३,४००	९,९४,४००	३५,००,०००
१४२६५	अन्य क्षेत्रको आय	०	४८,३१,३००.२८		५,०००
१४३१२	प्रशासनिक दण्ड जरिवाना र जफत	५,०८,१५०.४१	६०,०००	४७,०००	२,३०,०००
१४५२९	अन्य राजस्व		८,९७,९७३	३,०००	४०,०००
१५१११	बेरुजु	११,६३,०००	८,३६,७६०	१६,०५,४७९.१५	३०,००,०००
	आन्तरिक तर्फ जम्मा	**३,५५,१२,७२५.९९**	**२,८५,८६,३३१.३०**	**२,९४,४५,९२३.४१**	**४,५०,००,०००**
११३१५	स्थानीय कर -घर जग्गा रजिष्ट्रेशन_	०	२,०७,३५,०११.२७	३,२२,५८,९३६.९८	३,२०,००,०००
११४११	संघीय राजश्व वाडफाड -मु अ कर र अन्तशुल्क+_	९,४९,५७,७७४.६३	१०,७८,४०,०५९.२४	११,९८,९०,७६३.३४	१३,८२,०३,१५३
११४२१	अन्तशुल्क				
११४५६	सवारी साधन कर	१०६,२८,१८६.३७	१०७०००००	१,१४,३०,७९५.७३	१,२८,०५,०००
१३३११	बित्तीय समानिकरण अनुदान	१६,१८,७५,०००	१४,१३,६०,०००	१४,१४,९३,९२०	१५,४२,००,०००
१३३१२	सशर्त अनुदान चालु	२८,३६,१६,६६९	२७,८७,५०,९००	२६,५२,२६,०७६	२९,४८,००,०००
१३३१३	सशर्त अनुदान पूँजिगत	३,१६,५०,००००	२,५८,००,०००	७,०१,३३,३२२	११,५९,००,०००
१३३१५	बिशेष अनुदान	४९,२७,४५८	८६,०७,१४२	१,४०,४९,५०५	६७,००,०००
१३३१७	समपुरक अनुदान	१,३३,३३,९५९	४७,५८,४५०	०	८६,००,०००
१३३११	बित्तीय समानिकरण अनुदान	९८,८२,०००	८५,९७,२५०	१,०९,६१,०००	१,०७,४४,०००

राजश्व संकेत	शिर्षक	२०७९/२०८० को यथार्थ	२०८०/२०८१ को यथार्थ	२०८१/२०८२ को यथार्थ	२०८२/२०८३ को अनुमान
१३३१२	सशर्त अनुदान	१,२०,००,००००	८६,५५,२३३.००	४९,९७,१६०	७०,००,०००
१३३१४	बिशेष अनुदान	६९,४७,४३०	३०,००,०००	१८,२५,०००	१७,००,०००
१३३१६	समपुरक अनुदान	१,३१,७३,४५८	९२,८३,७५६	२५,३४,०९७	७५,००,०००

बैजनाथ गाउँपालिकाको आन्तरिक आय तर्फको आम्दानी संघीय तथा प्रदेश सरकार बाट प्राप्तहुने अनुदानहरुको तुलनामा न्युन देखिन्छ । विगत तीन आर्थिक बर्ष २०७९।०८०, २०८०।०८१ र २०८१।०८२ को कुल आय संरचनालाई हेर्दा कुल आयमा आन्तरिक आयको हिस्सा क्रमस ४ र ५ प्रतिशत रहेको छ । ।

४.३. आय संकलनको संस्थागत व्यवस्था तथा क्षमता

बैजनाथ गाउँपालिकाको राजस्व संकलन सम्बन्धी संस्थागत व्यवस्था देहाय वमोजिम रहेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ अनुसार गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा राजस्व सम्बन्धी विषयमा परामर्शका लागि सात सदस्यीय स्थानीय राजस्व परामर्श समिति गठन गरिएको छ । उक्त समितिमा निजि क्षेत्रको उद्योग बाणिज्य सम्वन्धी मान्यताप्राप्त संस्थाको गाउँ तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि एक जना र घरेलु तथा साना उध्योग सम्वन्धी मान्यताप्राप्त संस्थाको गाउँ तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि एक जना कार्यपालिकाका सदस्यहरु मध्ये एक महिला सहित २ जना सदस्य, प्रमुख प्रशासकिय अधिकृत तथा राजश्व शाखा प्रमुख सदस्य सचिब रहने गरि ७ सदस्यीय समिति कृयाशिल छ ।

राजस्व परामर्श समितिको संरचना

सि.नं	पदाधिकारीहरु	पद
१	गाउँपालिकाका उपाध्यक्ष	अध्यक्ष
२	प्रमुख प्रशासकिय अधिकृत	सदस्य
३	कार्यपालिकाले तोकेको कार्यपालिकाका सदस्यहरु मध्येबाट एक जना महिला सहित दुई जना	सदस्य
४	निजि क्षेत्रको उद्योग बाणिज्य सम्वन्धी मान्यताप्राप्त संस्थाको गाउँ तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि	सदस्य
५	घरेलु तथा साना उध्योग सम्वन्धी मान्यताप्राप्त संस्थाको गाउँ तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि	सदस्य
६	गाउँपालिकाको राजस्व शाखाको प्रमुख	सदस्य सचिव

राजस्व परामर्श समितिले समय समयमा बैठक गर्ने तथा राजस्व सम्बन्धी नीति तथा कानुनको तर्जुमा गर्ने, राजस्वका स्रोत, दर र दायरा समेतको विश्लेषण गरी गाउँपालिकामा सिफारिश गर्ने लगायत समितिका काम, कर्तव्य र अधिकार क्षेत्रभित्रका कामहरू गर्दै आएको छ । समितिले प्रत्येक बर्ष बैठक बसी आगामी बर्षमा लगाउने विभिन्न कर तथा गैर करहरुको दररेटको सम्बन्धमा शीर्षकगत रुपमा छलफल गरी स्वीकृतिका लागि कार्यपालिका मार्फत गाउँ सभामा पेश गर्ने गर्दछ ।

४.४. राजश्व परिचालनमा रहेका सवालहरू

बैजनाथ गाउँपालिकाले राजश्व संकलनका अधिकार क्षेत्र भित्रका धेरैजसो सम्भावनाहरु उपयोगमा ल्याएको भएता पनि कतिपय संभाबित शीर्षकहरु अझै कार्यान्वयनमा ल्याइएको पाइएन । जस्तै साना सवारीहरुको दर्ता, नविकरण तथा व्यवस्थापन, पार्किङ शुल्क, प्रकृतिक श्रोतको (माटो जन्य बस्तु) उत्खनन् तथा बितरण, बिज्ञापन शुल्क, अनोरन्जन कर व्यवस्थापन आदी । समग्रमा यस गाउँपालिकाको राजश्व परिचालनको क्षेत्रमा निम्नअनुसारका प्रमुख सवालहरु विद्यमान रहेको देखिन्छ

क) उपयुक्त संगठन निर्माण तथा क्षमता विकास

राजस्व संकलनलाई प्रभावकारी तथा पारदर्शी बनाउन राजस्व संकलन सम्बन्धी छुट्टै कार्यविधिहरू, आवश्यक जनशक्ति, कार्य स्थल तथा आवश्यक उपकरण सहितको कार्य वातावरण हुनु आवश्यक छ । गाउँपालिकाको संगठनात्मक संरचना सम्वन्धी अध्ययन भएको र स्वही अनुसार दरबन्दीहरु मिलान गरिएको छ । गाउँपालिकाको राजस्व ईकाइमा एक जना पाचौं तहको कर्मचारीको नेतृत्वमा एक जना सहायक कम्प्युटर अपरेटर गरी कुल २ जना कर्मचारी कार्यरत रहेकाछन् । वडा कार्यालयहरुमा वडा सचिव, सहायक कम्प्युटर अपरेटर सहित सामान्यतया दुई जना कर्मचारी कार्यरत रहेको पाइन्छ । गाउँकार्यपालिकाको कार्यालय लगायत सवै वडा कार्यालयहरुबाट राजस्व संकलन हुने गरेको तथा सवै बिलिङ SuTRA मार्फत हुने हेको छ । गाउँपालिकाको कार्यालयमा संकलन भएको रकम सकभर सोही दिन तथा वडा कार्यालयहरुमा संकलन भएको रकम अर्को दिन बैंक दाखिला गर्ने गरिएको । कर संकलन र व्यवस्थापन प्रभावकारी बनाउन कार्यविधि प्रयोगमा ल्याएको छ । राजस्व संकलनकालागि उपयुक्त वातावरण हुदाहुदै पनि केही सुधार गर्नुपर्ने अवस्थाहरु बिद्यमान रहेको पाइन्छ ।

- उपयुक्त कार्यकक्षको व्यवस्थापन हनु आवश्यक देखिन्छ ।
- राजस्व शाखामा कार्यरत कर्मचारीहरुको क्षमता अभिबृद्धिकालागि कार्यक्रमहरु संचालन गरिनुपर्ने

ख. तथ्यांक संकलन तथा अध्याबधिक

हाल गाउँपालिकामा सम्पत्ती कर, भूमि कर (मालपोत), व्यवसाय कर तथा अन्य कर र गैरकर बुझाउने करदाताको संख्या के कति हो यकीन तथ्यांकको अभाव रहेको छ । अत आगामी दिनहरुमा क्षेत्रगत रुपमा करदाताको लगत संकलन गर्नुपर्ने र नियमित अध्यावधिक गर्नुपर्ने देखिन्छ । करदाताको लगत संकलन पश्चात् करको दायरामा आउन बाँकी करदाताको संख्याका बारेमा आँकलन गर्न सकिन्छ । पूर्णरुपमा कम्प्युटरमा आधारित बिलिङ गर्ने परिपाटी भएकोले कुन शीर्षकमा कुन करदाताले के कति कर तिरे त्यसको बिबरण पाउने गरि सफ्टवेयरमा सुधार गर्नुपर्ने देखिन्छ ।

ग. आन्तरिक आय परिचालन नीति तथा कार्यविधि

गाउँपालिकाले विभिन्न तहको आय परिचालन सम्बन्धी कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । यसमा आय संकलन गर्ने तरिका, प्रतिवेदन बुझाउने ढाँचा, नगद दाखिला सम्वन्धी ब्यवस्था, अनुगमन जस्ता विषयवस्तुहरु पर्दछन् ।

घ. राजस्वका दर निर्धारण तथा प्रचार प्रसार

गाउँपालिकाले हालको कानुनी व्यवस्था अनुसार राजस्व संकलनका लागि दर निर्धारण गर्दा सरोकारवाला व्यक्ति तथा संघ संस्थाहरुसँग पर्याप्त छलफल गर्ने र सभाबाट स्वीकृत भएको करका दर तथा दायराहरु बारे जनस्तरसम्म प्रचार प्रसार गर्न आवश्यक हुन्छ । गाउँपालिकाले करदातालाई तिर्नुपर्ने कर रकम सम्बन्धी जानकारी उपलब्ध गराउन अग्रिम सूचना सम्प्रेषण गर्ने विधिको उपयोग सँगै करदाता शिक्षामा पनि पर्याप्त ध्यान दिनुपर्ने हुन्छ । यसका अतिरिक्त राजस्व प्रशासनमा पुरस्कार तथा दण्डको नीतिलाई अवलम्बन गर्नुपर्ने हुन्छ । बैजनाथ गाउँपालिकाले हाल करदाताहरुलाई सम्मान गर्ने निति कार्यान्वयनमा ल्याएको पाइयो । यसलाई निरन्तरता दिनुपर्ने हुन्छ ।

ङ. समन्वय

राजस्व परिचालन सम्बन्धी नीति निर्माण, शुल्क तथा दस्तुरको दर निर्धारण, राजस्व संकलन विधि निर्धारण जस्ता कार्यमा सम्बन्धित आन्तरिक तथा बाह्य निकायहरूसँग प्रभावकारी समन्वयको खाँचो देखिन्छ । यसका लागि राजस्वका आधार निर्धारण तथा दरहरूमा परिमार्जनका लागि राजस्व परामर्श समितिको भूमिकालाई प्रभावकारी बनाउन आवश्यक हुन्छ । आय संकलनमा वडा समितिको भूमिकालाई स्पष्ट व्याख्या गरी वडा र राजस्व शाखा बीच निरन्तर समन्वयको खाँचो देखिन्छ । त्यसैगरी रोयल्टी लगायतका राजस्व बाँडफाँड सम्बन्धमा संघीय सरकारसँग, सवारी साधन कर तथा घरजग्गा रजिष्ट्रेशन, सवारी साधन शुल्क, बन रोयल्टी लगायतको बाँडफाँडमा प्रदेश सरकारसँग पर्याप्त समन्वय कायम नहुँदा गाउँपालिकामा प्राप्त हुने स्रोत नियमित रुपमा प्राप्त नहुन सक्दछ ।

परिच्छेद—५
राजस्व सुधार कार्ययोजना

बैजनाथ गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तयारीका सन्दर्भमा गाउँपालिकामा अभिमुखिकरण गरिएको थियो र प्रतिवेदन प्रस्तुती तथा राजस्व सुधार कार्ययोजना निर्माण सम्वन्धी कार्यशाला गोष्ठी सञ्चालन गरिएको थियो । गाउँपालिकाको आयोजना तथा परामर्श दातृ संस्था को सहजीकरणमा संचालित उक्त कार्यशालाहरुमा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष लगायत कार्यपालिका सदस्यहरू, राजस्व परामर्श समितिका सदस्यहरु, पालिकाका कर्मचारीहरू लगायतका व्यक्तिहरूको सहभागिता रहेको थियो । कार्यशालामा सहभागीहरूसंगको अन्तर्कृया तथा छलफल एवं सहभागिहरुकै सहभागितामा राजस्व सुधार कार्ययोजना तयार गरिएको थियो । सहभागिहरुको तर्फवाट आर्थिक ऐन २०८२ मा भएका प्रावधानहरु, हाल संकलन गरिएका राजस्वका क्षेत्रहरु र संकलन गर्दा भोगिएका सजिला तथा अप्ठ्याराहरुलाई मध्यनजर गरी राजश्वको विभिन्न शिर्षकहरुमा समुहगत रुपमा छलफल गरिएको थियो ।

कार्यशालाका सहभागीहरुबाट प्राप्त सुझाबहरु तथा परामर्शदाताको तर्फबाट संकलित अन्य सूचना एवं विश्लेषणबाट आएका नतिजाहरूलाई समेत समावेश गरी कार्यशालाबाट सहभागितात्मक रुपमा राजस्व सुधार कार्ययोजना तैयार गरिएको छ । कार्ययोजनालाई मुख्यतया दुई भागमा बाँडिएको छ । पहिलो भागमा कर तथा गैर कर राजश्व सुधार योजना तथा दोश्रो भागमा राजश्व प्रशासन सम्वन्धी कार्य योजना समाबेश गरिएको छ ।

राजस्व सुधार योजना बनाउने क्रममा स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा बैजनाथ गाउँपालिकाको आर्थिक ऐन २०८२ ले निर्दिष्ट गरे बमोजिमका करका दर र दायरा वृद्धि गर्न कार्यशालामा उपस्थित गाउँपालिका पदाधिकारीहरू, राजस्व परामर्श समितिका सदस्यहरु एवं कर्मचारीहरुसँगको सहभागितामा तयार गरिएको राजस्व सूधार कार्ययोजना तलको तालिकामा प्रस्तुत गरिएको छ । कार्ययोजनालाई मुख्यतया २ भागमा बाँडीएको छ ।

५.१ कर तथा गैर कर राजश्व सुधार कार्ययोजना

तलिकाः कर तथा गैर कर राजस्व सूधार कार्ययोजना

कर राजश्व	<u>सुधारका लागि गर्नु पर्ने कार्य</u>	समयावधि	जिम्मेवार
सम्पत्ति कर	▪ वडागत रुपमा जग्गा र जग्गाधनी एकिन गर्ने । ▪ घरहरुलाई बर्गिकरण गर्ने, अभिलेखिकरण गर्ने र घर नं दिने ▪ सडक पहुँचको आधारमा जग्गाको बर्गिकरण गर्ने ▪ करदाताको बिबरण संकलन र नियमित अध्याबधिक गर्ने ▪ जनचेतनामुलक शिबिर संचालन गर्ने । ▪ अनलाईन कर प्रणालीको सुरुवात गर्ने ▪ कर संकलनमा सहयोग पुर्याउन कर संकलकको ब्यबस्था गर्ने, नगर प्रहरीको परिचालन गर्ने र कर्मचारीहरुलाइ यस प्रति जिम्मेवार वनाउने ब्यबस्था गर्ने	आ ब २०८२।०८३ देखि निरन्तर	राजश्व परामर्श समिति राजश्व शाखा वडा कार्यालय

कर राजश्व	सुधारका लागि गर्नु पर्ने कार्य	समयावधि	जिम्मेवार
भूमिकर/ मालपोत	▪ मालपोत कार्यालयबाट जग्गाको अभिलेख प्राप्त गरी वडागत रुपमा सम्पूर्ण जग्गाधनीहरुको अभिलेख अद्यावधिक गर्ने । ▪ जग्गाको पुनवर्गीकरण गरी मूल्यांकनलाई वैज्ञानिक बनाउने ▪ बस्ती बस्तीमा कर शिक्षा संचालन गर्ने	आ ब २०८२।०८३ देखि निरन्तर	राजश्व परामर्श समिति राजश्व शाखा वडा कार्यालय
घरजग्गा बहाल कर	▪ घरधुरी विवरण संकलन गर्ने ▪ सबै घरहरु नम्बरिङ गर्ने । ▪ घरजग्गा बहाल कर संकलन कार्यविधि तय गर्ने । ▪ सबै भन्दा बढी कर र नियमित बुझाउनेलाई सम्मान गर्ने । ▪ घर जगगा बहाल कर सम्बन्धमा नागरिक सचेतना कार्यक्रम संचालन गर्ने ▪ घर भाडामा लगाए नलगाएको नियमित अनुगमन गर्ने ▪ वडा क्षेत्र भित्र रहेका घर, पसल, कारखाना, ग्यारेज, गोदाम आदिको लगत संकलन र दर्ता गर्ने ▪ करदाताहरुको लागि कर शिक्षा कक्षा सञ्चाल□	आ ब २०८२।०८३ देखि निरन्तर	राजश्व परामर्श समिति राजश्व शाखा वडा कार्यालय
ब्यबसाय कर	• व्यवसाय दर्ता समवन्धी सरोकारवालाहरुसंग आवश्यक छलफल चलाउने । • सबै व्यवसायीहरुलाई गाउँपालिकामा सुचिकृत हुन आह्वान गर्ने । • स्लगत रुपमा व्यवसाय निशुल्क दर्ता शिविर संचालन गर्ने • सबै व्यवसायीहरुको विवरण संकलन गरी नियमित अद्यावधिक गर्ने र विषयगत शाखा र वडा कार्यालयमा समेत अभिलेखिकरण गर्ने • लगानी कारोबारको प्रकृति, कारोबारको परिमाणका आधारमा करको दर निर्धारण गर्ने • नयाँ दर्ता तथा नवीकरणका लागि शिविर ं सञ्चालन गर्ने एब नागरिक सचेतना कार्यक्रम संचालन गर्ने । • नियमित अनुगमन गर्ने • अग्रिम कर भुक्तानीमा छुटको व्यवस्था गर्ने दण्ड र पुस्कारको व्यवस्था गर्ने	आ ब २०८२।०८३ देखि निरन्तर	राजश्व परामर्श समिति राजश्व शाखा वडा कार्यालय
कवाडी कर	• कवाडी संकलन सम्वन्धी संभाव्यता समिक्षा गर्ने । • संभाव्यता देखिएका वस्तुहरुको करका दरहरु तोक्ने र संकलन बिधि तोक्ने । कार्यान्वयनमा ल्याउने । • कवडी संकलनको लागि ईच्छुक व्यवसायिको कानुन अनुसार	आ ब २०८२।०८३ देखि निरन्तर	राजश्व परामर्श समिति राजश्व शाखा वडा कार्यालय

कर राजश्व	<u>सुधारका लागि गर्नु पर्ने कार्य</u>	समयावधि	जिम्मेवार
	छनोट गर्ने • कवाडी संकलन केन्द्र स्थापना र व्यवस्थित गर्ने । • राजस्व संकलन गर्ने ।		
बिज्ञापन कर	• गाउँपालिकामा लगाइने विज्ञापन कर सम्बन्धित विषयमा अध्ययन गर्ने । • विज्ञापन कर संकलन सम्वन्धी कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्ने । • अनुगमनलाई प्रभावकारी बनाउने । • करको दायरामा नआएका करदाताहरुलाई करको दायरामा ल्याउने	आ ब २०८२।०८३ देखि निरन्तर	राजश्व परामर्श समिति राजश्व शाखा वडा कार्यालय
सवारी कर	• दर्ता, अनुमति तथा नवीकरण कार्यविधि तय गर्ने • सवारी साधन नम्बरिङ गर्ने • दररेट कायम गर्ने रु • रुट निर्धारण गर्ने • गा.पा.भित्र स्थाई वसोवार गरेका व्यक्तिहरुले प्रयोग गर्नै गरेका साना सवारी साधनहरुलाई दर्ता गरि दर्ताशुल्क र नविकरण शुल्क लिन आवश्यक व्यवस्था गर्ने	आ ब २०८२।०८३ देखि निरन्तर	गाउँपालिका राजश्व शाखा
ढुंगा गिट्टी बालुवा एवम माटोजन्य बस्तु बिक्री	• ढुंगा, गिट्टी, बालुवा एवं माटोजन्य वस्तु बिक्री • सम्भाव्य क्षेत्रहरुको प्रारम्भिक वातावरणीय परीक्षण गर्ने • प्रारम्भिक वातावरणीय परीक्षणका अतिरिक्त आवश्यक भए वातावरणीय प्रभाव मूल्यांकन समेत गर्ने	आ ब २०८२।०८३ देखि निरन्तर	राजश्व परामर्श समिति राजश्व शाखा बन वाताबरण शाखा
	• उल्लेखित श्रोतहरु उपलव्ध हुने स्थानको पहिचाहन गर्ने • बिक्रीको दर निर्धारण गरी आर्थिक ऐनमा व्यवस्था गर्ने । • ढूंगा, गिट्टी, बालुवा एवं माटोजन्य पदार्थको उत्खनन्, ओसारपसार सम्बन्धी कार्यविधि तर्जुमा गर्ने, • ढुंगा, गिट्टी, बालुवा एवं माटोजन्य पदार्थका बिक्रीकोलागि ठेक्का कायम गर्ने • कानुन विपरित काम गर्ने ठेकदार तथा उपभोक्ता समितिहरुलाई कारबाहीको दायरामा ल्याउने	आ ब २०८२।०८३ देखि निरन्तर	गाउँ सभा, कार्यपालिका, राजश्व परामर्श समिति प्रमुख प्रशासकीय अधिकृत राजश्व शाखा वडा कार्यालय
	• संकलन तथा ओसारपसार कार्यको नियमित अनुगमन गर्ने । • अध्ययन प्रतिवेदनले सिफारिश गरेको मापदण्डभित्र मात्र रहेर उत्खनन्हुने कार्यको सुनिश्चित गर्ने	नियमित	अनुगमन समिति
घर नक्सा पास	• भवनहरुलाई आवासाीय, व्यवसायिक तथा औद्योगिक गरी वर्गीकरण गर्ने । • वर्गीकरण अनुसार दर निर्धारणका लागि आर्थिक ऐन संशोधन गर्ने	आ ब २०८२।०८३ देखि निरन्तर	नक्सा पास शाखा राजश्व शाखा

कर राजश्व	सुधारका लागि गर्नु पर्ने कार्य	समयावधि	जिम्मेवार
	• सेवामूलक संरचनालाई छुट दिन सकिने । • बिगतमा निर्माण समपन्न भएका घरहरुलाई समेत सुचिकृत गर्न आवश्यक ब्यबस्था मिलाउर्ने । • घर नम्वर कायम गर्ने • नक्सा पास सम्वन्धी अनुगमनको व्यवस्था गर्ने • दण्ड र जरिवानाको व्यवस्था		
बहाल बिटौरी कर	• गाउँपालिकाले निर्माण गरेका भवन संरचनाहरुको सूचना अधयावधिक गर्ने । • लालपूर्जा विहीन जग्गामा बसोबास गर्ने व्यक्तिहरुको तथ्यांक अध्यावधिक गर्ने, निर्माण भएका संरचनाको लगत संकलन गर्ने • उपरोक्त जग्गा उपयोग बापत बहाल बिटौरी शुल्क लिने • गा.पा. भित्र गा.पा.ले वहालमा दिएका घर, पसल, ग्यारेज, गोदाम आदि वहालमा दिएकोमा कर उठाउने व्यवस्था गर्ने	आ ब २०८२।०८३ देखि निरन्तर	राजश्व शाखा वडा कार्यालय
व्यवसाय दर्ता, अनुमति तथा नवीकरण दस्तुर	• दर्ता, अनुमति तथा नवीकरण दस्तुर सम्बन्धी कार्यविधि तय गर्ने • पूँजी तथा कारोबारको आधारमा दस्तुरहरु तयगर्दै जाने । • गा.पा. भित्र रहेका व्यवसायहरुको पहिचान तथा वर्गिकरण र सुचिकृत गर्ने • कर सम्वन्धी जनचेतना मुलक कार्यक्रम सञ्चालन गर्ने • दर्ता नगरी संचालन गरीएको व्यवसायलाई जरिवानाको व्यवस्था गर्ने	आ ब २०८२।०८३ देखि निरन्तर	राजश्व शाखा
सिफारिश तथा प्रमाणित दस्तुर	• दरमा समसायिक परिमार्जन गर्ने । • करको दर कम गर्ने र दायरा वढाउने	आ ब २०८२।०८३ देखि निरन्तर	गाउँ सभा कार्यपालिका राजश्व परामर्श समिति कार्यालय

५.२ राजश्व प्रशासन सुधार योजना

समग्र राजस्व परिचालनलाई प्रभावकारी बनाउन के गर्न सकिन्छ भनी सहभागितामूलक रुपमा छलफल गरी प्राप्त भएका बुँदाहरूका आधारमा यहाँ राजस्व प्रशासन सुधार योजना तर्जुमा गरिएको छ, जुन देहाय अनुसार रहेको छ

तलिकाः राजश्व प्रशासन सूधार कार्ययोजना

सुधारका क्षेत्र	सुधारका लागि गर्नु पर्ने कार्य	कहिले गर्ने	जिम्मेवार निकाय
नीतिगत व्यबस्था	वार्षिक रुपमा आर्थिक ऐनको पुनरावलोकन गर्ने र व्यवहारिक नदेखिएका प्रावधानहरुलाई वार्षिक रुपमा परिमार्जन गर्दै जाने । प्रगतिशील करको दर, मूल्य र महत्वको आधारमा करको निर्धारण, समयानुकूल करको दरमा परिमार्जन गर्ने समयमै कर तिर्नेलाई सहुलियत तथा ढिला तिर्नेलाई दण्ड तथा जरिवानाको व्यवस्था उत्कृष्ट करदातालाई सम्मान कार्यक्रम	आ ब २०८२।०८३ देखि निरन्तर	गाउँ सभा कार्यपालिका राजश्व परामर्श समिति राजश्व शाखा
सांगठनिक संरचना	राजस्व सम्बन्धी कामको चाप र आवश्यकता अनुसार गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरुमा अध्ययनको आधारमा कर्मचारीको व्यवस्थापन गर्ने । आवश्यकता अनुसार वडा कार्यालयमाा राजश्व सम्वन्धी कर्मचारीको व्यवस्था	२०८२।०८३ देखि निरन्तर	प्रशासन शाखा
सेबाग्राही मैत्री पूर्वाधार तथा संरचना	सेवाग्राही मैत्री भौतिक संरचनाको व्यवस्थापन (खानेपानी, शौचालय, प्रतिक्षालय, चमेनागृह, QR Code, Free Wifi, Digital Information System/T.V इत्यादी । बिभिन्न माध्यम बाट सूचना प्रवाह, पहिले आउनेलाई पहिलो सेवा, असक्त तथा अपाङ्ग एवं जेष्ठ नागरिकलाई प्राथमिकता जस्ता कार्यक्रम लागु गर्ने	२०८२।०८३ देखि निरन्तर	राजस्व शाखा
आवश्यक भौतिक सामाग्रीको व्यबस्थापन तथा प्रबिधिको प्रयोग	राजश्व संकलन सम्वन्धी कार्यकोलागि गाउँपालिका तथा वडा कार्यालयहरुमा आवश्यक कम्प्युटर, प्रिन्टर लगायत भौतिक समाग्री लगायत कार्यकक्षको व्यवस्था कार्यरत कर्मचारीहरुको क्षमता बिकास । Digital Payment System, Mobile Banking and Connect –ips जस्ता प्रबिधिको प्रयोग	२०८३ श्राबण देखि निरन्तर	प्रशासन शाखा राजश्व शाखा सूचना प्रबिधि शाखा
असुलीमा पारदर्शिता तथा जवाफदेहित	नागरिक वडापत्रको व्यवस्था गर्ने । समयानुकूल करमा अद्यावधिक गर्ने । गाउँपालिकाको आम्दानी खर्चको सार्वजनिकिकरण गर्ने पूर्ण रुपमा सुचना प्रविधिको प्रयोग संकलित राजश्व समयमै दाखिला गर्ने । यसो हुन नसकेमा थप रसिद काट्न नमिल्ने प्रणालि विकास	२०८३ श्राबण देखि निरन्तर	प्रशासन शाखा राजश्व शाखा सूचना प्रबिधि शाखा
करदाताको अभिलेखिकरण	सबै प्रकारका करदाताको अभिलेख राख्ने र अद्यावधिक गर्दै जाने । विद्युतीय प्रविधिको प्रयोग गर्दै जाने ।	२०८३ श्राबण देखि निरन्तर	प्रशासन शाखा राजश्व शाखा

सुधारका क्षेत्र	सुधारका लागि गर्नु पर्ने कार्य	कहिले गर्ने	जिम्मेवार निकाय
	व्यवस्थित वसोवारी र अन्य संरचनाहरुको प्रविधिमा आधारित अगत र अद्यावधिक		सूचना प्रबिधि शाखा
अनुगमन मूल्यांकन	आन्तरिक अनुगमनलाई प्राथमिकता दिने । अनुगमन समिति तथा राजश्व परामर्श समितिबाट गाउँपालिकाको राजश्व शाखा तथा वडा कार्यालयहरुको अनुगमन गर्ने । व्यवसायीक प्रतिष्ठानहरुको दर्ता नविकरण भए नभएको साथै गाउँपालिकामा सुचिकृत भए नभएको करदाताहरुलाई करको महत्व बुझाउने । करदाता बाट सुझाव संकलन गर्ने । राजस्व चुहावट भए नभएको यकीन गर्ने । चुहावट भएकोमा जरिवाना सहित असुल गर्ने	२०८३ श्राबण देखि निरन्तर	अनुगमन समिति राजश्व परामर्श समिति

परिच्छेद—६
आगामी तीन वर्षको आय प्रक्षेपण

६.१ राजश्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण

राजश्व सुधार कार्ययोजना तथा बर्तमान अवस्था तथा संभावना बिश्लेषणलाई आधारमानी आगामी तीन वर्ष (आ.व. २०८२।०८३ देखि २०८४।०८५) को लागि आय प्रक्षेपण गरिएको छ । यो आय अनुमान राजस्व सुधार योजनामा प्रस्ताव गरिएका क्रियाकलापहरूको आधारमा गरिएको छ । धेरैजसो शिर्षकहरूको आय प्रक्षेपण गर्दा मुख्यतया प्राप्त तथ्यांकलाई आधार लिइएको छ भने भविष्यमा आयका आधारको दायरा बढ्नगै सोबाट हुने योगदानलाई समेतलाई मध्यनजर गरिएको छ । त्यसै गरी केही शिर्षकहरूको आय प्रक्षेपण गर्दा विगतको आय संकलनको वृद्धिदरलाई समेत आधार मानिएको छ ।

तालिका

आगामी आर्थिक बर्षहरूका लागि राजश्व प्रक्षेपण

राजश्व संकेत	शिर्षक	२०८१/२०८२ को यथार्थ	२०८२/२०८३ को अनुमान	आगामी आ ब को प्रक्षेपण
११३१३	सम्पत्ति कर	१०,८७,७२७	१८,२०,०००	
११३१४	भूमिकर/मालपोत	१,०२,५०,२५७.७०	१,२०,००,०००	
११३२१	घर बहाल कर	१३,०७,६५६.७८	२०,००,०००	
११३२२	बहाल बिटौरी कर	३१,२८,३७०.९८	४३,५५,०००	
११४७९	मनोरन्जन कर	७०००	५०००	
११६९१	अन्य कर	१,५४,३२१.७२	४,९५,०००	
१४२१२	सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम		१०,०००	
१३२१३	अन्य बिक्रीबाट प्राप्त रकम		५०००	
१४२२१	न्यायिक दस्तुर	१३,२००.००	२५,०००	
१४२२३	शिक्षा क्षेत्रको आम्दानी	१,६५,६००	**३,५०,०००**	
१४२२४	परिक्षा शुल्क	६४,२००	२,५०,०००	
१४२२९	अन्य प्रशासनिक सेवा सुल्क	३२,३२,१३१.७२	५५,००,०००	
१४२४२	नक्सापास दस्तुर	१६,०२,६४८.३६	२७,००,०००	
१४२४३	सिफारिस दस्तुर	५०,३८,१००	७६,४५,०००	
१४२४४	व्यक्तिगत घटना दर्ता दस्तुर	६,९६,५३०	९,५०,०००	
१४२४५	नाता प्रमाणित शुल्क	३००	२०,०००	
१४२४९	अन्य दस्तुर	४८,०००	९५,०००	
१४२५३	व्यावसाय रजिष्ट्रेशन दस्तुर	९,९४,४००	३५,००,०००	

राजश्व संकेत	शिर्षक	२०८१/२०८२ को यथार्थ	२०८२/२०८३ को अनुमान	आगामी आ ब को प्रक्षेपण
१४२६५	अन्य क्षेत्रको आय		५,०००	
१४३१२	प्रशासनिक दण्ड जरिवाना र जफत	४७,०००	२,३०,०००	
१४५२९	अन्य राजस्व	३,०००	४०,०००	
१५१११	बेरुजु	१६,०५,४७९.१५	३०,००,०००	
	आन्तरिक तर्फ जम्मा	२,९४,४५,९२३.४१	४,५०,००,०००	
११३१५	स्थानीय कर (घर जग्गा रजिष्ट्रेशन)	३,२२,५८,९३६.९८	३,२०,००,०००	
११४११	संघीय राजश्व वाडफाड (मु अ कर र अन्तशुल्क)	११,९८,९०,७६३.३४	१३,८२,०३,१५३	
११४५६	सवारी साधन कर	१,१४,३०,७९५.७३	१,२८,०५,०००	
१३३११	बित्तीय समानिकरण अनुदान संघ	१४,१४,९३,९२०	१५,४२,००,०००	
१३३१२	सशर्त अनुदान चालु संघ	२६,५२,२६,०७६	२९,४८,००,०००	
१३३१३	सशर्त अनुदान पूँजिगत संघ	७,०१,३३,३२२	११,५९,००,०००	
१३३१५	बिशेष अनुदान संघ	१,४०,४९,५०५	६७,००,०००	
१३३१७	समपुरक अनुदान संघ	०	८६,००,०००	
१३३११	बित्तीय समानिकरण अनुदान प्रदेश	१,०९,६१,०००	१,०७,४४,०००	
१३३१२	सशर्त अनुदान प्रदेश	४९,९७,१६०	७०,००,०००	
१३३१४	बिशेष अनुदान प्रदेश	१८,२५,०००	१७,००,०००	
१३३१६	समपुरक अनुदान प्रदेश	२५,३४,०९७	७५,००,०००	

गाउँपालिकाको राजश्वको कुल संभाव्यता

शिर्षक	कुल संभाव्यता	अनुमान
सम्पत्ति कर	८२,३४,५००	पहिलो बर्षमा २५ प्रतिशत र त्यसपछिका वर्षहरुमा २० प्रतिशतले बृद्धि
भूमिकर। मालपोत	१२३५१६००	पहिलो बर्षमा ९० प्रतिशत र त्यसपछिका वर्षहरुमा २० प्रतिशतका दरले बृद्धि हुने
घर बहाल कर	४२,००,०००	बर्ष अनुमानको ४० प्रतिशत त्यस पछिका बर्षहरुमा २० प्रतिशतले बृद्धि
ब्यबसाय कर	१६०००००	पहिलो बर्ष ९० प्रतिशत र त्यस पछिका बर्षहरुमा १० प्रतिशतले बृद्धि गर्ने
कवाडी कर	२०००००	पहिलो बर्ष ६० प्रतिशत र त्यस पछिका बर्षहरुमा १० प्रतिशतले बृद्धि गर्ने

बिज्ञापन शुल्क	५०००००	पहिलो बर्ष सतप्रतिशत र त्यस पछिका बर्षहरुमा १० प्रतिशतले बृद्धि गर्ने
मनोरन्जन कर	५००००	पहिलो बर्ष सतप्रतिशत र त्यस पछिका बर्षहरुमा १० प्रतिशतले बृद्धि गर्ने
बहाल बिटौरी कर	३२०००००	पहिलो बर्ष सतप्रतिशत र त्यस पछिका बर्षहरुमा १० प्रतिशतले बृद्धि गर्ने
घर नक्सा पास	२२०००००	पहिलो बर्ष सतप्रतिशत र त्यस पछिका बर्षहरुमा २० प्रतिशतले बृद्धि गर्ने
सिफारिस दस्तुर	८०००००	पहिलो बर्ष ८५ प्रतिशत र त्यस पछिका बर्षहरुमा १५ प्रतिशतले बृद्धि गर्ने
ब्यक्तिगत घटना दस्तुर	१०००००	पहिलो बर्ष ९० प्रतिशत र त्यस पछिका बर्षहरुमा १० प्रतिशतले बृद्धि गर्ने
नाता प्रमाणित दस्तुर	१००००	पहिलो बर्ष ६० प्रतिशत र त्यस पछिका बर्षहरुमा १० प्रतिशतले बृद्धि गर्ने
अन्य बिक्री	२५०००००	पहिलो बर्ष सतप्रतिशत र त्यस पछिका बर्षहरुमा २० प्रतिशतले बृद्धि गर्ने
अ से शु	बिगतको आधारमा अनुमान गरिएको ।	
घर जग्गा रजिष्ट्रेशन शुल्क	३३०००००	पहिलो बर्ष ९० प्रतिशत र त्यस पछिका बर्षहरुमा १५ प्रतिशतले बृद्धि गर्ने
बाडफाडबाट प्राप्त हुने मु अ कर र अन्तशुल्क	१४०००००००	पहिलो बर्ष ९० प्रतिशत र त्यस पछिका बर्षहरुमा १० प्रतिशतले बृद्धि गर्ने
बाडफाडबाट प्राप्त हुने सवारी साधन कर	१२८०००००	पहिलो बर्ष ९० प्रतिशत र त्यस पछिका बर्षहरुमा १० प्रतिशतले बृद्धि गर्ने
बाडफाडबाट प्राप्त हुने रोयल्टी	२००००	पहिलो बर्ष ९० प्रतिशत र त्यस पछिका बर्षहरुमा १० प्रतिशतले बृद्धि गर्ने
संघीय सरकारबाट प्राप्त हुने अनुदान		
समानिकरण अनुदान	१५४२०००००	पहिलो बर्ष ९० प्रतिशत र त्यस पछिका बर्षहरुमा १० प्रतिशतले बृद्धि गर्ने
सशर्त अनुदान चालु	३०००००००	पहिलो बर्ष ९० प्रतिशत र त्यस पछिका बर्षहरुमा १० प्रतिशतले बृद्धि गर्ने
सशर्त अनुदान पूँजिगत	८०००००००	पहिलो बर्ष ९० प्रतिशत र त्यस पछिका बर्षहरुमा १० प्रतिशतले बृद्धि गर्ने
बिशेष अनुदान	६७०००००	पहिलो बर्ष सतप्रतिशत र त्यस पछिका बर्षहरुमा १० प्रतिशतले बृद्धि गर्ने

समपुरक अनुदान	८६०००००	पहिलो बर्ष सतप्रतिशत र त्यस पछिका बर्षहरुमा १० प्रतिशतले बृद्धि गर्ने
प्रदेश सरकारबाट प्राप्त हुने अनुदान		
समानिकरण अनुदान	१०७४४०००	पहिलो बर्ष सतप्रतिशत र त्यस पछिका बर्षहरुमा १० प्रतिशतले बृद्धि गर्ने
सशर्त अनुदान चालु	७००००००	पहिलो बर्ष सतप्रतिशत र त्यस पछिका बर्षहरुमा १० प्रतिशतले बृद्धि गर्ने
बिशेष अनुदान	१७०००००	पहिलो बर्ष सतप्रतिशत र त्यस पछिका बर्षहरुमा १० प्रतिशतले बृद्धि गर्ने
समपुरक अनुदान	७५०००००	पहिलो बर्ष सतप्रतिशत र त्यस पछिका बर्षहरुमा १० प्रतिशतले बृद्धि गर्ने

६.२ आगामी ३ आर्थिक वर्षको आयको प्रक्षेपण

आय शिर्षकको संभाव्य आधार तथा राजस्व सुधार कार्ययोजनाको कार्यान्वयनलाई आधार मानी गाउँपालिकाको आगामी ३ वर्षको प्रक्षेपित आयको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ । माथिका अध्यायहरूमा प्रस्ताव गरिएअनुसार करका दर र दायरा विस्तार गर्न सकेको खण्डमा तालिकामा दिए अनुसार गाउँपालिकाको आय वृद्धि हुने र आन्तरिक आय तर्फ आगामी आ.व.लागि प्रक्षेपित आय चालु आ.ब को प्रस्तावित आयभन्दा करिब ३० प्रतिशतले बृद्धि हुने देखिन्छ । आगामी ३ बर्षकोलागि प्रक्षेपित आयको बिबरण तल तालिकामा प्रस्तुत गरिएको छ

तालिका

शिर्षक	कुल संभाव्यता	आ ब २०८२।०८३	आ ब २०८३।०८४	आ ब २०८४।०८५
सम्पत्ति कर	८२३४५००	२०५८६२५	२४७०३५०	२९६४४२०
भूमिकर। मालपोत	१२३५१६००	१११११६४४०	१३३३९७२८	१६००७६७४
घर बहाल कर	४२०००००	१६८००००	२०१६०००	२४१९२००
ब्यबसाय कर	१६०००००	१४४००००	१५८४०००	१७४२४००
कवाडी कर	२०००००	१२००००	१३२०००	१४५२००
बिज्ञापन शुल्क	५०००००	१२५०००	१३७५००	१५१२५०
मनोरन्जन कर	५००००	१२५००	१३७५०	१५१२५
बहाल बिटौरी कर	३२०००००	८०००००	८८००००	९६८०००
घर नक्सा पास	२२०००००	५५००००	६६००००	७९२०००
सिफारिस दस्तुर	८००००००	६८०००००	७८२००००	८९९३०००
ब्यक्तिगत घटना दस्तुर	१००००००	९०००००	९९००००	१०८९०००
नाता प्रमाणित दस्तुर	१००००	६०००	६६००	७२६०
अन्य बिक्री	२५०००००	६२५०००	७५००००	९०००००
घर जग्गा रजिष्ट्रेशन शुल्क	३३०००००००	२९७०००००	३४१५५०००	३९२७८२५०
बाडफाडबाट प्राप्त हुने मु अ कर र अन्तशुल्क	१४००००००	१२६०००००	१३८६०००००	१५२४६००००
बाडफाडबाट प्राप्त हुने सवारी	१२८०००००	११५२००००	१२६७२०००	१३९३९२००

साधन कर				
बाडफाडबाट प्राप्त हुने रोयल्टी	२००००	१८०००	१९८००	२१७८०
संघीय समानिकरण अनुदान	१५४२०००००	१३८७८००००	१५२६५८०००	१६७९२३८००
संघीय सशर्त अनुदान चालु	३०००००००	२७०००००००	२९७००००००	३२६७०००००
संघीय सशर्त अनुदान पूँजिगत	८०००००००	७२०००००	७९२०००००	८७१२००००
संघीय बिशेष अनुदान	६७०००००	१६७५०००	१८४२५००	२०२६७५०
संघीय समपुरक अनुदान	८६०००००	२१५००००	२३६५०००	२६०१५००
प्रदेश समानिकरण अनुदान	१०७४४०००	२६८६०००	२९५४६००	३२५००६०
प्रदेश सशर्त अनुदान चालु	७००००००	१७५००००	१९२५०००	२११७५००
प्रदेश बिशेष अनुदान	१७०००००	४२५०००	४६७५००	५१४२५०
प्रदेश समपुरक अनुदान	७५०००००	१८७५०००	२०६२५००	२२६८७५०
		६८४८१२५६५	७५३२९३८२२	८३६४१६३६९

परिच्छेद—७
अपेक्षित नतिजा

राजश्व अध्ययन तथा सुधार कार्ययोजनाको निर्माणकोलागि राजश्व वाँडफांडको प्रक्षेपण गर्दा हाल वाँडफाँड निश्चित भएका स्रोतहरुको मात्र प्रक्षेपण गरिएको छ । यो प्रक्षेपण तयार गर्दा प्रदेश सरकारबाट गाउँपालिकामा हस्तान्तरण हुने सवारी साधन कर तथा बन रोयल्टीलाई समाबेश गरिएको छ । त्यसैगरी केन्द्र वाट प्राप्त हुने राजश्व वाँडफाँडको रकमको मध्ये हाल सम्म प्राप्त भैरहेको मूल्य अभिबृद्धि कर र अन्तःशुल्कलाई समावेश गरिएको छ । साथै स्थानीय सरकारलाई प्राप्तहुने घर जग्गा रजिष्टेशन शुल्कलाई राजस्व बाँडफाँड अन्र्तगत समावेस गरिएको छ ।

आन्तरिक श्रोत तर्फको प्रस्तावित नतिजा प्राप्तगर्न गाउँपालिकाले बर्तमान संस्थागत संरचना तथा व्यवस्थापन प्रणालीमा आवश्यकतानुसार परिवर्तन गर्न आवश्यक देखिन्छ । गाउँपालिकाले आगामी दिनहरुमा राजश्व संकलन बृद्धिकालागि तपसिलका बुदाहरुमा ध्यान पु¥याउनु आवश्यक छ ।

- राजश्व परामर्श समितिको कृयाशिलता
- राजश्व परामर्श समितिले आफ्ना गतिबिधिहरु सकृयता पुर्वक गरिरहेको अवस्था रहेको देखिन्छ । आगामि दिनहरुमा स्वयं समिति समेत राजश्व सम्वन्धी निति तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा परिचालित हुनुपर्ने देखिन्छ । यसकोलागि गाउँपालिकाबाट आवश्यकता अनुसारको बजेट व्यवस्था हुनु आवश्यक छ ।
- राजश्व संकलनमा शिर्षकगत आय व्यय अनुमान तथा अनुगमन ।
- आर्थिक ऐनमा कर तथा शुल्कका दर निर्धारण र जरिवाना निर्धारण ।
- राजश्वमा परामर्श समितिका पदाधिकारीहरु र कर्मचारीहरुलाई अन्य पालिकाहरुको अध्ययन अवलोकन मार्फत सिकेका कुराहरुको कार्यान्वयन ।
- राजश्व शाखाको सुदृढिकरण
- स्थान, उपकरणहरु, सफ्टवेयर तथा आवशयक जनशक्तिको ब्यवस्था गरिनु पर्ने ।
- वडा कार्यालयमामा समेत आवश्यकता अनुसारको स्थान, उपकरणहरु, सफ्टवेयर तथा आवश्यक जनशक्तिको ब्यवस्था तथा राजश्व संकलनमा समन्वय तथा प्रतिवेदनको ब्यवस्था ।
- राजस्वमा संकलनमा कार्यरत कर्मचारीहरुको क्षमता बिकास सम्वन्धी कृयाकलापहरु संचालन गरी उनिहरुको ज्ञान तथा सिपमा अभिबृद्धि गर्नु अत्यावश्यक देखिन्छ ।

परिच्छेद—८
अनुगमन तथा मूल्यांकन

राजश्व सुधार कार्ययोजनाले आगामी दिनहरुमा राजस्व परामर्श समितिलाई राजस्वका स्रोत, दायरा तथा दरको विश्लेषण गरी स्रोत अनुमान तथा वजेट सिमा निर्धारण गर्न सहयोग पु¥याउने छ । राजश्व सुधारका नीति, कृयाकलापहरु तथा वजेट अनुमान पश्चात राजश्व सुधार कार्ययोजना अनुसारका कृयाकलापहरु संचालन भए नभएको तथा अनुमान अनुसार आय असुली भएको नभएको सम्वन्धमा नियमित रुपमा अनुगमन गर्ने, आगामी आर्थिक बर्षको आय प्रक्षेपणकोलागि त्यस अवधि सम्मको कृयाकलाप तथा आय असुली अवस्थाको मूल्यांकन गर्ने तथा आर्थिक बर्ष सम्पन्न भएपछि सो आर्थिक बर्षको लागि तय गरिएका कृयाकलापहरु तथा आय असुली अवस्थाको मूल्यांकन गर्न आवश्यक हुन्छ ।

राजश्व सुधार कार्य योजनाको अनुगमन तथा मूल्यांकनको लागि कार्यालय तहमा, राजश्व परामर्श समितिवाट अनुगमन तथा मूल्यांकन, कार्यपालिकावाट अनुगमन तथा मूल्यांकन, तथा वाह्य अनुगमन तथा मूल्यांकनको ब्यवस्था गरिनु पर्दछ ।

कार्ययोजनाको सफल कार्यान्वयनका लागि अनुगमन तथा मूल्यांकनतर्फ तपसिल अनुसारका कृयाकलापहरु हुनु आवश्यक देखिन्छ ।

- कार्यालय स्तरमा प्रमुख प्रशासकिय अधिकृत, राजश्व शाखा तथा अन्य सम्वन्धित शाखाका प्रमुखहरुलाई जिम्मेवार वनाइनु पर्दछ ।
- गाउँपालिकामा कम्तिमा महिनामा एक पटक सरोकारवालाहरुको बैठक वसी कार्ययोजनाको कार्यान्वयनको अवस्था तथा राजस्व असुलीको अवस्थाको अनुगमन गरी लक्ष हासिल गर्नेतर्फ आवश्यक कार्यगत निर्णयहरु गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।
- राजश्व परामर्श समितिले चौमासिक रुपमा राजश्व सुधार योजनाको कार्यान्वयनको अवस्था, आय संकलनको अवस्थाको अनुगमन गरी कार्यपालिकालाई आवश्यक परामर्श प्रदान गर्ने गर्नुपर्दछ । त्
- आगामी आर्थिक बर्षकोलागि आयको अनुमान गर्ने कार्यपूर्व भएका कामहरुको मूल्यांकन गरी स्रोत, दर तथा दायरामा सुधारकोलागि कृयाकलाप सिफारिश गर्ने र त्यसको आधारमा आयको अनुमान गर्नु पर्दछ।
- कार्यपालिकाको बैठकले राजश्व परामर्श समितिवाट प्रस्तुत गरेका सुझावहरुलाई छलफलमा ल्याई आवश्यक निर्णय गर्ने ब्यबस्था हुनु आवश्यक छ ।
- छलफलको क्रममा राजश्व सुधार योजना तथा आय असुली अवस्थाको समिक्षा गरी आवश्यक नीतिगत तथा कार्यगत निर्णय गर्नु आवश्यक भएमा निर्णय समेत गर्न सकिने छ ।
- राजश्व सुधार कार्ययोजना कार्यान्वयनमा सहजिकरण संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, प्रदेश मन्त्रालयबाट समेत हुनसक्ने छ । यस्तो अनुगमन प्रणालीको स्थापनाले स्थानीय तहको अनुगमन तथा प्रतिवेदन गर्ने क्षमतामा समेत विकास हुने अपेक्षा गरिन्छ । साथै गाउँपालिकाले दुई बर्षमा कार्ययोजनाको समिक्षा गर्न सक्नेछ जसमा सहजिकरणकोलागि स्वतन्त्र बिज्ञहरुको सहयोग लिन सकिने छ ।

सन्दर्भ सामग्रीहरू

- नेपालको संविधान, २०७२
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- स्थानीय तहमा सेवा प्रवाह सम्बन्धी व्यवस्था, २०७४
- एकीकृत आर्थिक संकेत तथा वगीकरण र व्याख्या, २०७४
- लुम्बिनी प्रदेश आर्थिक ऐन २०८२
- बैजनाथ गाउँपालिकाको आर्थिक ऐनहरु,
- बैजनाथ गाउँपालिकाको नीति तथा कार्यक्रम
- बैजनाथ गाउँपालिकाको वस्तुगत विवरण, २०७७
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रगति प्रतिवेदनहरू
- गाउंपालिका तथा नगरपालिकाको राजश्व सुधार कार्ययोजना दिग्दर्शन २०७६